दायित्व

(मासिक)

वर्ष ६ || २०४९ वैसाख || पूर्णाङ्क १७

सल्लाहकार
डा० मथुरा के. सी.
डा० भोला रिजाल

कार्यकारी सम्पादक
राम प्रसाद पन्त
४७४९८३

रचना सम्पादक
तारा कार्की
४७११४७

व्यवस्थापक
लक्ष्मी पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
नील कुमारी गिरी (पूर्व)
विष्णु प्र. भण्डारी (पश्चिम)

अन्य सहयोगी
गिरिराज पन्थ
पद्म प्र. निरौला
सुशील चन्द श्रेष्ठ
मुकुन्द शर्मा
मदन स्थापित

यस अङ्कका विशेष सल्लाहकार–
डा० तुलसी भट्टराई

समालोचना

दायित्वका कविता हेर्दा	१	कृष्ण प्रसाद पराजुली
दायित्व र यसका कथाहरू	१४	गोपीकृष्ण शर्मा
दायित्व: दायित्व हो	३१	डा० तुलसी भट्टराई

कथा

अनुत्तरित प्रश्न	२२	रुद्र झवाली
श्रीमतीको चाहना	२६	ज्ञानेन्द्र गवाल
आफैंमा अल्झिएका विवशताहरू	२८	खीला तुम्बाहाम्फे

कविता

हिंडेको दिनलाई यसरी भनें	८	पूर्ण बिराम
हो, म यो चुपीलाई माया गर्छु	१०	आर० पी० झवाली
अमलेख मेरो आस्थाको	११	बोध राज पन्त
त्यसैले अब म विदेश फर्कन्छ	१२	बाबा बस्नेत

निबन्ध

महाकवि निराला–व्यक्तित्व र कृतित्व	३२	राम प्रसाद शर्मा
बिदाको दिन	३७	मधुवन पौडेल
महाकवि देवकोटा र उनको मुनामदन	३९	प्रतीक ढकाल

प्रकाशन/कार्यालय
दायित्व परिवार
पत्रबार
पो. व. नं. ४६७,
काठमाडौं

मूल्य:-
संस्थागत प्रयोजनका लागि रु. १०।–
सर्वसाधारणका लागि रु. ५।–

सम्पादकीय

☐ प्रत्येक वर्ष जस्तै यसपाला पनि नव वर्षको आगमन भएको छ र दायित्वको शैशवकाल पनि क्रमशः व्यतित हुँदैछ । दायित्वको यो पांच वर्ष कालमा समय र परिस्थितिमा निकै परिवर्तन भैरहेको छ । पंचायतीकालको सांघुरो परिवेशमा जन्मेको दायित्वले यस अवधिभित्र आफ्नो जन्म दर्ता प्रमाणपूर्जा पनि पाउन सकेन । अब भने दायित्वले आफ्नो स्थायित्व ग्रहण गरी सकेको छ र उन्मुक्त एवं खुल्ला वातावरणमा गतिमान हुँदैछ । आशा गरौं भविष्यमा साहित्यिक पत्रिकाहरूले स्थायी संरक्षकत्व पनि पाउने छन् ।

☐ समयको प्रवाहसंगै साहित्यिक प्रवाहमा पनि केही न केही नयांपन र केही नौलो विचार तथा अनुभूतिहरू जन्मिदैछन् । यही नयांपन नयां अनुभूतिहरूको संगमस्थल दायित्व ! दायित्वमा देखा परेका नयां अनुहार तिनीबाट व्यक्त अभिव्यक्तिले पत्रिकालाई उजागर बनाएको छ । यसले हामीहरूलाई थप हौसला र जांगर पैदा गरेको छ । हामी आत्मबल राखेर गन्तव्यतिर लम्किरहेका छौं । हामी अहिले दायित्व साहित्य महोत्सव मनाउँदै छौं । यसैगरी अब हाम्रो लक्ष्य रजत जयन्ती मनाउनेतिर लाग्ने छ ।

☐ दायित्वले आज जुन सतहमा पाईला चाल्दैछ त्यो समस्त साहित्यानुरागी प्रिय हितैषी वर्गको संयुक्तदेन हो । साहित्यकार र विज्ञापन दाताहरू विशेषतः साहित्यिक पत्रिका सचालनका अभिन्न अंगहुन । असल रचना आर्थिक अभावमा थप्रै सम्पादकहरूको उत्साह मरिएर गएको छ । दायित्वका अगाडि पनि त्यस्ता अपठाराहरू नआएका होइनन् तर तगारे तेसिएको चाही छैन । दायित्वले आफ्नो दायित्व पूरा गर्न थप्रै संघर्ष गरेको छ । दायित्वको मर्म बुझ्ने केही मित्रहरू आफ्नो दायित्व देखि पन्छिन नसकेकोले मात्र दायित्वले यो पांच वर्षकाल बिताउन सकेको हो ।

☐ त्यसैले विज्ञापनदाता मित्रहरू दायित्वका विशेष धन्यवादका पात्र छन् । यसैगरी साहित्यकार जगत र प्रकाशनको क्षेत्र पनि त्यत्तिकै प्रशंसनीय छ । यस विशेषांकको कुरा गर्दा सर्वप्रथम समालोचक डा० तुलसी भट्टराईज्यू प्रति विशेष आभार प्रकट गर्नु हामी आफ्नो कर्तव्य ठान्दछौं । किनकि उहाँको सल्लाहको पुर्ण रूप हो– यो विशेषांक । अन्य समालोचक द्वय कृष्ण प्रसाद पराजुली र गोपी कृष्ण शर्मा दायित्वको दायित्वलाई सहर्ष स्वीकार गरेर छोटो समयमा नै आफ्नो पूर्ण दायित्व निर्वाह गरी दिन् भएकोमा त्यत्तिकै स्मरणीय हुनुहुन्छ ।

☐ अन्तमा नव वर्ष २०४९ ले सर्वत्र सुख शान्ति ल्याओस् दायित्व परिवारको शुभकामना ।

'दायित्व' का कविता हेर्दा

☐ कृष्णप्रसाद पराजुली

'दायित्व' युवासमूहको उत्साहमा निस्किएको साहित्यिक पत्रिका हो । यो पत्रिका २०४४ साल वैशाख-देखि सामयिक सङ्कलनका रूपमा निस्किएको छ । सामयिक सङ्कलन भन्नुपर्ने स्थिति सम्भवतः त्यस बेला दर्ताको असुविधा हो । २०४६ सालको अन्तमा नेपालमा प्रजातन्त्रको पुनर्स्थापन भएपछि २०४७ साल वैशाख [वर्ष ४, अङ्क ११] देखि यो त्रैमासिक भएर आएको देखिन्छ भने २०४७ साल असोज [वर्ष ४, अङ्क १२] देखि मासिक भनिएको छ तापनि अहिलेसम्म १६ अङ्क भएको पत्रिका प्रकाशनका हिसाबमा चाहिं अझै सरदर वर्षमा तीनवटा मात्र प्रकाशित हुन सकेको देखिन्छ । आकार प्रकारका दृष्टिमा हेर्दा डिमाईबाट सुरु भएको यो पत्रिका पछि डबल क्राउनमा पुगेको पाइन्छ । जे भए पनि यस पत्रिकामा पूर्णाङ्क दिने चलनचाहिं सजिलो भएको छ । नेपालीमा साहित्यिक पत्रिका निकाल्नु सजिलो कुरो होइन, तैपनि सञ्चालकहरूको रउस, जाँगर र लगनद्वारा बामे सर्दै र ताती गर्दै सोह्र अङ्क टेकेको यस पत्रिकाले आफ्ना किशोर फट्का पूरा गर्दै अनुहारमा नवयुवाको मुस्कुराहट ल्याएको अनुभव हुन्छ ।

'दायित्व'मा प्रकाशित विविध रचनामा अरू पक्ष-लाई छाडेर मैले कविता मात्र हेर्न खोजेको छु । यस पत्रिकामा अहिलेसम्म झन्डै २०० कविता प्रकाशित छन् । ती कवितामा कविको संख्या लगभग १५० र कवयित्रीको संख्या एक दर्जनजति छ अर्थात् पुरुष कविको अनुपातमा महिला कवि ८ प्रतिशत मात्र देखिएका छन् । पत्रिकाका विभिन्न अङ्कमा केही कविका दुई–दुईवटा कविता छन् भने न्यून संख्याका मात्र पाँच–छवटासम्म कविता परेका छन् । 'दायित्व'को कविता–चौतारीमा अग्रजपुस्ता र युवापुस्ता दुबैको सङ्गम छ तापनि संख्यात्मक दृष्टिमा युवापुस्ताकै लहर बेसी छ । यसरी आफ्नो कविता–चौतारीमा युवा / नवयुवा पुस्तालाई बढी स्थान दिनु दायित्वको राम्रो पक्ष हो ।

'दायित्व'मा दुइटा मात्र अनूदित कविता छन् । ती कवितामा एउटा सैंडल अहमदको बङ्गाली कबिताको अनुवाद ['तिम्रो मुस्कान', अनु० उर्मिला कार्की, वर्ष २, अङ्क ४] छ र अर्को रूसी कविताको अंग्रेजीमा रूपान्तरित कबिताको अनुवाद ['बोरिस पास्तरनेकको कविता', अनु० एच० पी० शर्मा, वर्ष २, अङ्क ५] छ । शेष सबै कविता नेपाली कवि–लेखकको सिर्जना हुन् ।

'दायित्व' का अङ्कहरूमा स्थापित एवं प्रौढ कवि-हरूका कवितामा श्यामदास वैष्णव ['स्वाभिमानको हुंकार', वर्ष ५ अङ्क १६], पारिजात ['जुठी

दमिनीको अभिव्यक्ति', वर्ष १, अङ्क १], मोहन कोइराला ['धोबीचरा', वर्ष ३ अङ्क ८], कृष्णप्रसाद पराजुली ['उसको गीत गाउँछु', वर्ष ४, अङ्क १३], क्षेत्रप्रताप अधिकारी ['शून्यबाट सुरु गरेको यात्रा', वर्ष १, अङ्क २], मञ्जुल ['जीवन कहिले अनन्तमा', वर्ष ५, अङ्क १५], चेतबहादुर कुँवर ['हे कवि', वर्ष १, अङ्क २], मोहन दुवाल ['चेतना गुलाब होइन', वर्ष ३ अङ्क १०], डा० मथुरा के० सी० ['मेरो देश', वर्ष १, अङ्क १०; 'धुर्येत्रोको जमाना छैन अब', वर्ष ३, अङ्क ७ ...] आदि थोरै मात्र छन्, तर युवापुस्ताका थुप्रै कविता यसमा छन् । त्यस्ता याममा केही सशक्त रूपमा आइरहेका प्रतिभा छन् र तिनका कविताको चहक पनि राम्रो देखिन्छ । यसरी विभिन्न रूपरङ्गमा फुलेको यस फूलबारीमा रूपपक्षका दृष्टिमा हेर्दा चार किसिमका कविता छन्– सबभन्दा बढी गद्यशैलीका कविता, त्यसपछि वार्णिक छन्दका कविता, लयात्मक गीत–गजल र मुक्तक कविता ।

गद्यशैलीका कवितामा विभिन्न भावका उच्छ्वास व्यक्त भएको पाइन्छ । कविलाई जीवनयात्रामा नयाँ दिन र नयाँ परिवेश हेर्न चाहना छ । त्यसैले उनीहरू नववर्षका उपलक्ष्यमा होस् वा मनका आकांक्षामा होस् आफ्ना भावनाका सुकोमल गुच्छा अर्पन चाहन्छन् । आर० पी० जवालीको 'म यो धुपीलाई माया गर्छु' राम्रो कविता हो । यस कवितामा कविले जीवन मधु सुगन्धित हुनुपर्ने वास्तविकताप्रति मीठो अभिव्यक्ति दिएका छन्–

धूरो त घर–आँगनमा हुर्केको वयस्क किशोरी हो,
हरेक प्रभातका सूर्यका किरणसँगै
सपना साट्ने प्रयासमा छे
सपना त्यसै साटिए पहाड उधिलनुपर्छ
त्यसैले अचेल अधीर–अधीर र उदास छे
र मेरो भेटघाटमा
मन–मन र अवयव जाँचिनुपरेझैं
हरियो आँचल बोकेर आइदिने गर्छे
सायद वसन्त भित्र्याउने थुप्रै–थुप्रै रहर हो धूपी
त्यसैले अचेल भोलि– नसा नसामा
रहर–रहरको ओझेल बनेर छाइदिने गर्छे !

[वर्ष १, अङ्क ३]

यसरी नै 'नयाँ वर्ष आऊ तिमीलाई मेरो स्वागत' [पुष्पहरि क्याम्पा राई, वर्ष २, अङ्क ४], 'यसपाली वसन्त आएन' [कुमारबहादुर कार्की, वर्ष २, अङ्क ४], 'कोइली तिमी गाउँदै जाऊ' [यदु पन्थ, वर्ष २, अङ्क ५], 'खै के दिऊँ शुभकामना' [दिनेशप्रसाद मैनाली, वर्ष ३, अङ्क ७], 'स्वागत छ, नववर्ष तिमीलाई !' [गिरिराज पन्थ, वर्ष ४, अङ्क ११] आदि कविताले यस्तै अभिव्यक्ति दिएका छन् । एउटा थप उदाहरण हेरौं–

लेकमा लालीगुराँस र सुनगाभा फुल्न नपाउँदै
हिउँ पग्लन थालेछ,
कोसीको सृजनाको रस बोक्न नपाउँदै
फाँटमा हरियाली हराएछ
खोइ कसरी आउने हो नव बसन्त
नयाँ–नयाँ चाहना बोकेर
खोइ कसरी आउने हो, मिमिरे बिहान
प्रभाती किरणलाई बोकेर !

–दिनेशप्रसाद मैनाली
'खै के दिऊ शुभकामना' [वर्ष ३, अङ्क ७]

केही कविले जीवनका उत्साह–उमङ्ग र बाध्यता एवं विवशताको चित्र राम्ररी व्यक्त गरेको पाइन्छ ।

'मान्छे विकास र प्रश्न' [बोधराज पन्त, वर्ष १ अङ्क ३], 'म यो जिन्दगी बसरी नै बाँचिको छु' [रामविक्रम थापा, वर्ष २ अङ्क ६], 'मरिसकेको परिवेश' मुरारी पराजुली, वर्ष २ अङ्क ८], 'बरखी बारेर' [सुधा विपाठी, वर्ष ३, अङ्क ९], 'सूर्य निल्न थालेका छौं' [लालगोपाल सुवेदी, वर्ष ४, अङ्क १३], 'मेरा साइतका पाइतालाहरू' [तारा कार्की, वर्ष ५, अङ्क १५], 'शुरुवात' [दामोदर पुडासैनी 'किशोर', वर्ष ५ अङ्क १६], 'मेरो परिवेश' [नरेन वियोगी, वर्ष ५, अङ्क १६], 'जीवन–मरण' [अभिनव कार्की, वर्ष ५, अङ्क १६] आदि कवितामा यस्तै भाव लहरिएका छन् ।

आपनै माटो र आपनै धामपानी कविका मुटुभरि खेलेको छ । त्यसैले कविलाई विदेशमा गएर अरूको दास भएर काम गर्नुपर्ने बाध्यताप्रति आक्रोश मात्र होइन, विद्रोह पनि छ र देशका निम्ति समर्पित हुने आस्थाको भावना पनि छ । तलका उद्धृतांशले यिनै कुरातर्फ इङ्गित गरेका छन्–

हातमा राइफल र बन्दुक थमाइदिएर
के तो खरिदारहरूले
मान्छेको सिङ्गो मन पनि किन्न सक्छन् ?
आमाको वात्सल्य ममता
चेलीको आँसुको भार पनि मोल तिरेर
के उनीहरूले किन्न सक्छन् त ?

–इन्द्रकुमार श्रेष्ठ 'सरित्'
'लाहुरे' [वर्ष २, अङ्क ४]

× ×

मेरा रक्तकणहरूमा
नेपाल आमाको सुत्केरीको दुखाइ दुखिरह्यो
हरेक समय, हरेक पाइलामा
मेरा हत्केलाहरूले
मेरो असार र मङ्सिरको
गरा, आलो र कान्लाहरू खोजिरह्यो
अनि, मेरो कानमा
मेरो मन्दिरमा बज्ने
घण्टाहरूको आवाज गुन्जिरह्यो.....
–त्यसैले आमा ! अब म विदेश फर्कन्न ।

–बाबा बसनेत
'त्यसैले अब म विदेश फर्कन्न' [वर्ष ४, अङ्क १२]

× ×

पहाडबाट एक हूल बेंसहरू
मर्स्याङ्दी सलल गाउँदै ओरालो लागेका छन्
लाहुरका सपनाहरू सम्पत्तिका सपनाहरू
र सपनाहरूका सपनाहरू बोकेर
एकोहोरो र निरन्तर बगिरहने मर्स्याङ्दीजस्तै
तिनीहरू बगेकाछन्
युगयुगदेखि रगत, पसिना र जवानी बगेको छ ।

–दुबसु क्षेत्री
'बहिनी इश्मिराका नाममा एउटा पत्र'
[वर्ष ५ अङ्क १६]

रविराजाको 'फर्केर गाउँमा आउनेलाई' [वर्ष १, अङ्क ३] कवितामा पनि माटाकै माया छ । शारदा शर्मा ['यो बियरा', वर्ष १, अङ्क ३], उज्ज्वल जी० सी० ['उहापोह उल्टो हुन सक्छ', वर्ष ५ अङ्क १६], मानुराजा श्रेष्ठ 'अनजान' [बुझिहेर्दा जिन्दगी, वर्ष ४, अङ्क ११], कैलाश भन्डारी [बोझ : एउटा जिन्दगी, वर्ष ४, अङ्क १३] आदिका कवितामा माटाको माया नै छ, तर तिनमा जीवनको व्यथा पनि बोलेको देखिन्छ ।

'यो कविता मेरो गायक साथीलाई' [प्रकाश खतिवडा, वर्ष ३, अङ्क १०], 'शहीदको आगमन' [गङ्गा उप्रेती, वर्ष ५, अङ्क १४] आदि धेरै कविता यस्तै भाव दिंदै तीव्र अभिव्यक्तिका रूपमा आएका छन् । तिनमा पनि केही कविताले विद्रोहको राँको र प्रगतिउन्मुख काव्यचेतलाई सशक्त रूपमा व्यक्त गरेको पाइन्छ ।

यस सन्दर्भमा पूर्णविरामको कविता निकै ओजस्वी छ–

जसको रगतले पोतिनुपर्थ्यो धरती
र जसको श्राद्धको समयमा
हांसी–हांसी हिंडनुपर्थ्यो
त्यस्तो कुनै प्रमाण नदेखाएर
आजको एउटा दिन गयो
आँखाबाट गयो, मनबाट गयो
र नाकलाई समेत अलिकति ताछेर गयो...
ठीक छ आजको एउटा दिन गयो
भोलि म उठ्ता मलाई जाडो हुन नपाओस्
सुम्न नपरोस् मैले–
सारथी आएन
केही भएन

'हिंडेको दिनलाई यसरी भनें' [वर्ष ३, अङ्क ८]

कृष्ण बाउसेमा पनि विद्रोहको यस्तै रन्थनाहट छ । उनी आपना अभिव्यक्तिका क्रममा गतिशील स्थिति र परिवेशलाई जीवन्त तुल्याउँदै भन्छन्–

रात अँध्यारो रहस्य बनेर नबिझेको कहिले पो छ र ?
दिनले भुङ्गाको फिलिङ्गो भएर नपोलेको कहिले पो छ र?
उज्यालोलाई पछ्याउन सक्नुपर्छ–
जमानाका दिव्य चक्षु खोलेर बाँच्नेले;
अँधेरो रातलाई हत्केलाले छोपेर,
हाउगुजी लखेट्न सक्नुपर्छ–
छातीमा हिम्मतहरू सोच्नेले ..
विषम परिस्थितिले जेलिएको मेरो प्रेयसी वर्तमान
आज पनि भित्ता–भित्तामा विद्रोहको पोस्टर टाँस्दै छे ।

'मेरी प्रेयसी आज पनि विद्रोहको पोस्टर टाँस्दै छे'
[वर्ष ३, अङ्क ८]

'दायित्व' मा वार्णिक छन्दका कविता कमै छन्, तैंपनि त्यस्ता केही कवितामा देशको माटो, संस्कृति र स्वतन्त्रताका भावना तिक्खर रूपमा प्रकट भएका छन् । यस फाँटमा खगेन्द्र निरौला ['पुरानो संस्कृतिको ममता', वर्ष १, अङ्क १], यदु पन्थ ['प्रण', वर्ष १, अङ्क ३], कविप्रसाद प्याकुरेल [दायित्वलाई शुभ–कामना', वर्ष ३, अङ्क ८], डिल्लीराज अर्याल [सतुवा ! लौ उठ', वर्ष ४, अङ्क १२], मित्रलाल पंजानी ['चेतना', वर्ष ५ अङ्क १५] आदिका कविता अधिकांश संवेद्य नै छन् । राष्ट्रिय उद्बोधन र चेतनाको रन्को कसरी दिन खोजिएको छ, त्यसका एक–दुई झिल्का तल टिपिएका छन्–

ए देशका सपूत हो, हे वीर सहकर्मी हो !
यो देशको स्वतन्त्रता अखण्डता जोगाइयो !
विदेशका थरी थरी विभिन्न धुर्की–धम्कीले
नर्थकियो, नहच्किएको कठोर हप्की–दप्कीले
अभेद्य शक्ति अजिंयो बनेर सिंह गर्जियो
अजेय भै चिनाइयो परे मरेर बाँचियो

–नीलकण्ठ स्यौपाने
'नेपाल नै महान् हो' [वर्ष ३ अङ्क ८]

× ×

झोपडीबाट झल्कन्छ पसीनामा नुहाउँछ
सिर्जना बोटमा आई जलधारा चुहाउँछ
युगको मुख आफै हो युग बोल्दा ऊ बोल्दछ
सुतेका जन ब्यूँझन्छन् ढोका आफै ऊ खोल्दछ

–मित्रलाल पंजानी
'चेतना' [वर्ष ५, अङ्क १५]

कवि चुप लागेर बस्न चाहँदैन । डिल्लीराज अर्याललाई परिवर्तन भइसक्नुपर्नेमा बाँकी रहेको देख्ता पीर परेको छ । त्यही पीर यसरी व्यक्त हुन्छ–

उज्यालो हुनुपर्ने हो, खै अझै पनि रात छ
कुकुरो बास्नुपर्ने हो, त्यो अझै पनि मस्त छ

'सुतुवा ! लौ उठ' [वर्ष ४, अङ्क १२]

मानिसलाई धर्तीको आधार पाए पुग्छ र त्यही आधारमा पेट भर्ने समस्या टर्नुपर्छ । यदु पन्थका कवितामा त्यसरी नै बाँच्न चाहने सङ्कल्प छ र धर्तीको काखमा अमृत फल्ने विश्वास पनि छ, एउटा उदाहरण–

मागेको छैन यो पेट, ज्यूनारी झिनुवा चना
भरिए पुग्छ बेलामा, खस्ता तो अन्नका पोना
मागेको छैन यो जीउ, ठूलो आनन्दी औ सुख
धर्तीको कोखिलो पाए, त्यसैमा ऽमृत फल्दछ

'प्रण'] वर्ष १, अङ्क ३]

आफ्नो अधिकार र आफ्नो आस्थामा नै कुयेंत्रो लाग्ने स्थिति आएपछि हृदयमा चोट पर्छ । त्यही चोटलाई व्यक्त गर्दै बोधराज पन्त दृढ आवाजमा भन्छन्–

पैंतालो पनि अर्कैको दास बन्ने भएपछि
मैले सगरमाथाको वैशाखी टेक्न थालिनें
अधिकार स्वयंमाथि स्वयंको नरहेपछि
अर्काको दानमा चुस्थो जिन्दगी बाँच्न चाहिनें

'अमलेख मेरो आस्थाको' [वर्ष ४, अङ्क १२]

मुक्तकमा तीर्थराज अधिकारी ['पिरोलेको छ', वर्ष १ अङ्क ३, 'केही टुक्राहरू', वर्ष २, अङ्क ६] युवराज नयाँघरे ['तीन छेस्का', वर्ष २, अङ्क ४; 'तीन चोइटा', वर्ष २, अङ्क ६; 'काठमाडौं केही तीता अनुभूतिहरू', वर्ष ३, अङ्क ९], चिन्तामणि शिवाकोटी ['राफल घर चिट्ठा', वर्ष २ अङ्क ५], लव गाउँले ['गाउँलेका मसिना कविता', वर्ष ३ अङ्क ९], हरि मञ्जुश्री ['मुक्तक', वर्ष ४, अङ्क ११] आदिका उद्गार मार्मिक छन् । यी मुक्तकमा जीवनका इच्छा–आकांक्षा र वेदना मात्र प्रस्फुटित भएका होइनन्, विकृति र विसंगतिमाथिको प्रहार पनि चुट्किलो रूपमा आएको पाइन्छ । उदाहरणका निम्ति केही पङ्क्ति हेरौं–

उँघिरहन्छ यो शहर
मध्यस्थताको अभावमा छटपटिएर
भुसको आगो झैं विद्रोहमा भिन्नभिन्न
सल्किरहन्छ यो शहर
रात पर्न पाउँदा-नपाउँदै
बोबाटोमा नै बलात्कृत हुन्छ यो शहर ।

–युवराज नयाँघरे

'तीन चोइटा' [वर्ष २, अङ्क ६]

× ×

रोगी बढे : निदान भएन
निदान भए : उपचार भएन
उपचार भयो औषधी छैन
कस्तो कडा रोगको आगमन भएछ
अब त अस्पताललाई पनि सञ्चो छैन ।

–लव गाउँले

'गाउँलेका मसिना कविता' [वर्ष ३, अङ्क ९]

× ×

गुरांसमेंगै फक्किनुहुन्न रे ओठहरूले
जूनको आभासमेंगै पोखिनुहुन्न रे ओठहरूले
ज्ञात-अज्ञात जिन्दगीको
बरखी बारेर मुटुहरूको
कतै–कतै मुस्कान साट्नुहुन्न रे ओठहरूले ।

–सुधा त्रिपाठी

'बरखी बारेर' [वर्ष ३, अङ्क ९]

म मुख लुकाएर बस्न खोजिरहेछु
म मुख लुकाएर बोल्न खोजिरहेछु
खट्टा छुटाएर हिंड्न मात्रै डर लागेको छ
आँखा फुटाएर ऐना हेर्न रहर लागेको छ

–हरि मञ्जुश्री

'मुक्तक' वर्ष ४, अङ्क ११]

विप्लव ढकालले आफ्ना हाइकुहरूमा लघु आयाम-भित्र पनि च्वाट्ट छुने झिल्का दिएका छन्। सूक्ष्म संकेतका रूपमा आएका यी पंक्तिले थोरैमा पनि गहिरो कुरा भनेका छन्, जस्तै–

बाँचने क्रममा
थाहै नहुँदो रैं छ
आफू मरेको !

× ×

रात धेरै छ
मान्छे धाम बनाऊ
आगोहरूको ।

'केही हाइकुहरू' [वर्ष ४, अङ्क १२]

गजल गीतमा मनु ब्राजाकी, शारदा शर्मा, वासुदेव अधिकारी, राजकुमार के० सी०, प्रह्लाद पोखरेल, बद्री-प्रसाद शर्मा, हेमराज पाण्डे, पद्मा अर्याल, बलराम बन्जारा, मुकुन्द 'पथिक' आदिका रचना प्रकाशित छन्। तिनमा केही गजल निकै राम्रा, छुने खालका छन् भने केही गजलको लक्षण राम्रो देखिन्छ।

प्रणयभावमा सौन्दर्य छ र त्यो स्वस्थ पनि छ भने पीडाको चस्काले पनि मीठोसँग छुन्छ। दृष्टान्तका रूपमा मनु ब्राजाकीको गजलबाट चार पङ्क्ति उद्धृत छन्–

आऊ तिमी फर्की मलाई रुझाउन आऊ
हृदयको मरुभूमि भिजाउन आऊ
सबैलाई भन्न पनि सकिँदैन के भो ?
आँसु मेरो दुनियाँलाई देखाउन आऊ

'गजल' [वर्ष ३, अङ्क ८]

केही गजलमा देशको स्थिति र परिवर्तनको चाहना पनि मीठो रूपमा व्यक्त भएको पाइन्छ। वासुदेव अधि-कारीका यी पङ्क्तिले यही छनक दिएका छन्–

भोक लाग्यो र यो देशले तिमीसित रगत माग्यो
निद्रा जाग्यो र यो उसले पोल्टाभरि चहक माग्यो

'गजल' [वर्ष ३, अङ्क ७]

लोकलयमा रचिएका गीत कोमल छन् र सुललित पनि। पद्मा अर्यालको गीतले प्रियासँगको भेटको स्थिति र इच्छालाई यसरी पोखेको छ–

जून खस्यो आज हेर तिम्रो मुहारमा
किन रुन्छ्यौ मन्दिरको शून्य दिवारमा
गाइदेऊन मीठो गीत सुनौं एक फेर
मनहरूको इयालबाट हेरौं यति खेर !

'गीत' [वर्ष ५, अङ्क १६]

अनि हेमराज पाण्डे आफ्ना सरल गीतमा माया माया नै हो, यसलाई तुलामा जोख्न सकिँदैन भन्ने कुरा व्यक्त गर्दै यसो भन्छन्–

उपहार ममताको सम्झी राखूँ कति
मलाई तिमी सधैंभरि माया दिन्थ्यौ जति
यति भनी तुलाभरि जोख्ने ठाउँ के छ
चुलाएर सजाउने आफैंआफ जे छ।

'धोका पाएको मन' [वर्ष ४, अङ्क १३]

कविता प्रतिभा र साधनाका सङ्गममा प्रवाहित हुँदै कलकलाउने ध्वनि हो, मानवजीवनका सौन्दर्य चेतनाको सुन्दर अभिव्यक्ति हो, अनि सामाजिक–सांस्कृतिक जीवनको गरिमाशाली सिर्जना पनि हो। यस परिप्रेक्ष्यमा केही कविता निकै माझिएका, खारिएका छन् र हृदय-स्पर्शी भएका छन्, तर केही कविहरूको कलम सिकारु वा कटमेरोजस्तै रहेको छ। यस प्रसङ्गमा यहाँ अझै कतिपय कविको नाम उल्लेख गर्न सकिएको छैन। कसै–कसैमा एउटा–दुइटा कविता छपाउन रहर गर्दागर्दै यस क्षेत्रबाट बिलाएर जाने सम्भावना पनि रहन सक्छ। शुभेच्छा छ, उम्रिसकेका अङ्कुर बीचैमा नचिमोटिऊन्, नचुँडिऊन्। समसामयिक धारामा आइसकेका कवि-

हरूको प्रयासले भने अझै पालुवा हाल्दै जानेछ भन्ने विश्वास गर्न सकिन्छ ।

नेपाली साहित्यको फेट राजधानी मात्र होइन र नेपाल मात्र पनि होइन । नेपाली साहित्य त नेपाली-भाषी रहेका नेपालभित्र–नेपालबाहिरका विभिन्न ठाउँका कवि लेखकको सृजना र साधनाको साझा परिणति हो, प्राप्ति हो । 'दायित्व'मा नेपालभित्र विभिन्न भेगका कविका कविताहरू परे पनि नेपालबाहिरका गुनू धर्ती [दुई मुक्तक' वर्ष ५, अङ्क १४] एक जनाबाहेक अरू कविका कविता पर्न सकेका छैनन् । अन्य विधामा पनि यस्तै होला कि ! नेपालभित्र हामी केही गरिरहेका छौं, नेपालबाहिर उनीहरू केही गरिरहेका छन् । तर कहाँ के भइरहेछ र को के गरिरहेछ भन्ने कुरा एक अर्कालाई कमै थाहा छ वा कैयनलाई थाहा नै पनि छैन । यसैले भविष्यमा केही कविता, केही रचना नेपालबाहिरका कविहरूको पनि पार्ने प्रयास 'दायित्व' ले गर्नु राम्रो हुनेछ ।

कवितात्मक सृजनमा गद्यकविता र पद्यकविताका सन्दर्भमा तथा छन्द र स्वच्छन्दका बीचमा पनि विभिन्न चर्चा हुने गर्छ । लयात्मक प्रवाह गद्यकवितामा पनि हुन्छ र अन्तर–साङ्गीतिक तरङ्गमा नै कविता झङ्कृत पनि हुन्छ । त्यसैले छन्द वा लय भन्नु अभिव्यक्तिको माध्यम हो र जुन कविले जुन माध्यमलाई अँगाले पनि त्यो कविता हुनैपर्छ । आफूले हिँडिरहेको बाटो केही होइन भन्नु स्रष्टाधर्म होइन । साधनाको उपाले रँगाएपछि जुन शैलीमा लेखे पनि र जुन माध्यम अँगाले पनि सुन्दर हुन सक्छ भने भावसघन र सम्प्रेषणीय हुनु कविताको विशेषता हो । यस दृष्टिमा 'दायित्व'का कतिपय कविता दृष्टान्तस्वरूप छन् र शिखरतर्फ लम्किरहेका देखिन्छन् ।

समग्रमा हेर्दा 'दायित्व'मा प्रकाशित कविताहरूमा युगबोधका स्वर छन्, मानसिक रन्थनाहटका सुरुकेरा छन्, सामाजिक अव्यवस्था र विसङ्गतिप्रति आक्रोश छ, विद्रोह छ र परिवर्तन एवं प्रगतिका चाहनाको रङ्को ती कविताहरूले दिइरहेको पाइन्छ । कविताका सम्बन्धमा दायित्वको यस पक्षलाई एउटा योगदानकै रूपमा सकार्न सकिन्छ ।।

□

कविताका समालोचक श्री कृष्ण प्रसाद पराजुलीज्यूले आफ्नो ब्रह्मले देखेको कुरा तलका पङ्क्तीहरूबाट अभिव्यक्ति दिनुहुँदै प्रस्तुत कविका कविताहरूको यसरी मूल्याङ्कन गर्नु भएको छ– सं /

'दायित्व'का अङ्कहरूमा स्थापित एवं प्रौढ कविका कविताहरू र दायित्वपरिवारभित्रैका सदस्यका कविताहरू पनि परेका छन् । पुरस्कृत गरिने सन्दर्भमा हेर्दा उपर्युक्तबाहेक युवा वा नवोदित प्रतिभालाई प्रोत्साहित गर्नु राम्रो लाग्यो । 'दायित्व'ले थाल्न खोजेको परम्पराको लक्ष्य पनि यही हो जस्तो लाग्यो । यसैले कविताहरूको अध्ययन यसै रूपमा गरिएको छ । 'दायित्व'मा प्रकाशित निकै कविता आआफ्ना स्तरमा राम्रा छन् र तिनलाई छुट्याउन गाह्रो हुन्छ, तैपनि छान्दै जाँदा मेरो ब्रह्मले देखेअनुसार निम्नलिखित कविका कवितालाई पुरस्कृत गर्नु उचित लागेको छ । स्मरणीय के छ भने पुरस्कारका क्रममा महिलालाई पनि प्राथमिकता दिनु राम्रो र छन्द कवितालाई पनि स्थान दिनु आवश्यक देखिएकाले तृतीय पुरस्कारमा दुई जना कवि परेका छन् । साधारणतया पनि तृतीयमा दुई जना हुनु बढी उपयुक्त हुनाले यही परम्परा कायम गर्नु बेस होला भन्ने लाग्छ ।

क्रमशः प्रस्तुत छन् पुरस्कृत प्रतिभाका चार सर्वोत्कृष्ट कविताहरूः–

हिडेको दिनलाई यसरी भनें

मुर्दा झैं टाउको लत्राएर
एउटा विश्वासिलो
दिन पनि गयो
मेरो आँखाबाट चुपचाप–
चुपचाप सर्कंको जस्तो
आजको सूर्य पनि गयो ।
सडक–सडकबाट
खबर आएन
मेरो कानसम्म
आज कोही शहीद भएको
शहीदको काँध बिना मुर्दा झैं
आँखा अगाडि लम्पसार परेर
आजको दिन पनि गयो ।

धुवाँसँग परेड खेलेर
आफ्नो इतिहास सम्झिदा
सम्झिदै पनि
आजको दिन गयो
अलिकति मेरा आँसु
आफ्नो खोकिलामा राखेर गयो
म सँग केही–केही
नबोलो आजको दिन गयो ।
मासुका ढिक्काहरूमा
बुलौली सपना
नछापिकनै आजको दिन गयो

आजको दिन सँग सँगै
मेरो एउटा विश्वासिलो
दिन पनि गयो
समय पग्लिनु थियो पग्ल्यो
तबेला भित्र बस्दा बस्दै
सूर्यलाई जानु थियो गयो
तबेलामा मुठ्ठी कस्दा कस्दै

स्वघोषित माझीहरूलाई
अझ बढी माछाहरू
मार्ने हुकूम दिएर
आजको दिन गयो
समुद्रमा तथाकथित समुद्रमा
अझ बढी गोहीका बच्चाहरूलाई
आश्रय दिदै
मेरो आँखाबाट मुर्दा झैं
भएर आजको दिन पनि गयो
ढुङ्गा फुटाल्न खोज्दा
घनले आफ्नै हातको औंला
छिनेको दुःख कसैलाई दिएर
आजको दिन मेरो आँखाबाट
पनि गयो
बिना सारथी म तबेलामा
मुर्मुरिएर बसिरहें
आकाश अझै काला बादलका

टुक्राहरूका अघिनमा रहने
आफ्नो घोषणा भित्र
अलमलिएर बसिरहें
सारथी आएको बाजा
नबजाएरै आजको दिन गयो
बिना सारथी बित्यो दिन
एउटा आजको दिन पनि गयो ।

दाग लगाएर फूलहरू फर्के
बिवशताको गन्धलाई नाकले सुघ्यो
कामदेवहरू कोट टकटक्याउँदै फर्के
सडक पोतिएन तिनीहरूका रगतले
मेरो ख्यालबाट पनि दिन गयो
मेरो आँखाबाट पनि दिन गयो
मबाट पनि आजको एउटा
दिन गयो ।

जसको रगतले पोतिनु पर्थ्यो धरती
र जसको श्राद्धको समयमा
हाँसी–हाँसी हिड्नु पर्थ्यो
त्यस्तो कुनै प्रमाण नदेखाएर
आजको एउटा दिन गयो
आँखाबाट गयो मनबाट गयो ।
र नाकलाई समेत अलिकति ताछेर गयो ।

सूर्य गयो दिन गयो
आजको एउटा दिन पनि गयो
ठीक छ आजको एउटा दिन गयो
ओलि म उठ्दा मलाई जाडो हुन नपाओस्
सुन्न नपरोस् मैले–

सारथी आएन
केही भएन
बन्दूक भएन
केही भएन
आजको एउटा दिन गयो
सुन्न नपरोस् दुखी छु
अझ बढी दुखित हुन्छु–
आजको एउटा दिन गयो
दिन पनि गयो आजको एउटा
बूबा समान, लास समान ।

□

प्रकाशित: वर्ष ३ अङ्क ८
दायित्व साहित्य महोत्सव २०४९ मा प्रथम ।

ON THE HAPPY NEW YEAR
2049

We Wish Prosperity & Success to

All our Readers Patrons And
Well wishreS

SAATHI NEPAL TRAVELS & TOURS PVT. LTD.

P. O. Box 3011, Kamaladi Kathmandu Tel: 226291 Tlx: 2715 KEYMAN NP

हो, म यो धुपीलाई माया गर्छु

खै कुन्नि अचेल यस्तै देख्न थालेको छु
यो हरियो धुपीको बोट
समय र परिवर्तनको बहाव चल्दा चल्दै पनि
निकै गतिहीन अस्थिर जस्तै छे
निकै मौन र अमुक जस्तै छे,
सधैं सधैं सुर्ता बोकेर भेट्ने गरेको
यो घरको धुपीको बोट
सधैं सधैंको भेट घाटमा
अति अव्यक्त भएर पनि
मौनताको अभिवादन टत्र्याउछे
अति आचार संयम जस्तै छे यो
यदा कदा प्रभातमा भेट्न पुगे
सितको थोपामा मुस्कान फुस्केर
भिजाउने गर्छे
यसै दिउँसोमा पुगे
हरियो छहारी बनेर रिझाउने गर्छे
यसै संध्यामा पुगे
आफ्नै मदहोसी पारामा लोलाउने गर्छे
त्यसैले धुपी अचेल
मन र आँखाको सुर्ता बनेर बिझाउने गर्छे !

□

धुपी नितान्त दृढ र संयम छे
हिउँद र बर्षाद बिति सक्दा पनि
आफ्नै माय बी भाकामा यथावत् छे
उदार मनकी नमूना जस्तै छे– यो,
शोभा र महकता बढाउन
बगैंचाको परिसर भित्रै पनि
जिन्दगी कैद गर्न तैयार छे
धुपी त घर आगनमा हुर्केकी वयस्क किशोरी
हरेक प्रभातका सूर्यका किरण सँगै
सपना साट्ने प्रयासमा छे
सपना त्यसै साटिए पहाड उक्लिनु पर्छ
त्यसैले अचेल अधीर अधीर र उदास छे
र मेरो भेटघाटमा
मन–मन र अवयव जाँचिनु परेझै
हरियो आँचल बोकेर आइ दिने गर्छे
शायद बसन्त भिज्याउने थुप्रै थुप्रै रहर हो धुपी
त्यसैले अचेल भोलि– नसा नसामा
रहर रहरको ओसेल बनेर छाइदिने गर्छे !

□

जिन्दगी बिताउने मिथ्या प्रयासहरूमा
अति नाजुक र कमजोर छे धुपी
पानी नदिएर माया बन्धन छोडे
कमलपित्तले ढाक्न सक्छे मलाई
के थाह ! यो घर उजाड बन्न सक्छ
र म पानी दिएर माया बन्धिने गर्छु !
उदाशीले छोपे पनि यसलाई
एउटा तिर्सनाले पोल्ने गर्छ अचेल मलाई
त्यसैले मन आँखाको बगैंचामा सजाई राख्ने गर्छु
मन त हिउँदको पहाड जस्तै हुँदो रहेछ
पग्ले पछि कसको के लाग्छ र !
पग्लिनु माया हो भने– हो म धुपीलाई माया गर्छु !
शायद भ्रम हुन सक्छ
माया भन्नुनै भ्रम–भ्रमको शृङ्खला हो भने के भयो त
हो म यस्तै भ्रम–भ्रमलाई नै माया गर्ने गर्छु !

प्रकाशितः वर्ष १ अङ्क ३

दायित्व साहित्य महोत्सव २०४९ मा द्वितीय

अमलेख मेरो आस्थाको

र मेरै दृष्टिका साम् मेरै अगि उठाइयो
मेरै आकारका मान्छे मलामीमा जुटाइयो
शंखनाद भयो मेरै हाडको शंख फूकियो
रक्त भो मदिरा मेरै मासु मेरै पकाइयो
फेरि दुर्भाग्य यो मेरै बाँड्न मैलाई लाइयो ।

यसरी भोजमा ठूलो टुक्रा टुक्रा भएपछि
खान मिल्ने सबै खाइ हाडमात्रै रहेपछि
मुटुको भुटुवा मार्दै कूलियो त्यो नराधम–
'भरिएन अझै पेट कलेजो अरू चाहियो'
तुरुन्तै बेधशालामा अर्को मानिस ल्याइयो
फेरि दुर्भाग्य यो मेरो बाँड्न मैलाई लाइयो ।
निरन्तर शृङ्खला यस्तो वर्षौंसम्म चलिरह्यो
धर्तीमा वेगिलो हुरी–वर्षा,–भेल बहिरह्यो
टाँगिन्थे टाउका पारी भित्तामा दाश–दाशीका
आलोरक्त तिनैबाट टप्किदै बहेंदै रह्यो
बहेंदै बहेंदै रक्त समुन्द्र सम्म फैलियो
ढाकियो पृथ्वीबाटो भूत–प्रेत–मसान भो
दुर्भाग्य त्यो बाटो हिड्न फेरि मैलाई लाइयो ।
इतिहास जलाएर खरानी मात्र राखियो
मान्छेभित्र रहेको त्यो 'मान्छे' लाई लुकाइयो
'परोपकार पुण्याय'– खल्तीमा कुटुन्याइयो
प्रजातन्त्र पनि माथि जाडोमा ठिठुन्याइयो
मान्छेले देश खै भन्दा मानचित्र बताइयो
पहेंलो खोलको भित्र देश फर्सी बनाइयो
बेचिएन र के ! बेच्न मान्छेसम्म पठाइयो
टेक्न सगरमाथाको यौटै बैशाखी राखियो
फेरि दुर्भाग्य बैशाखी टेक्न मैलाई लाइयो ।

गाइयो गीत गल्लीका थुप्रै मान्छे हँसाइयो
लोरी पो ता थियो त्यो ता जनता अलमल्याइयो
भीख माग्ने गोर्खाली स्वाभिमान बिलाएर
नाम आफ्नो कुँदाएर शिलापत्र बनाइयो
लाटाको देशमा गाँडो तन्देरी बन्न पाइयो
गर्न मिल्ने नमिल्नेको सीमाना किन चाहियो
लाज सर्म दया माया परलोक पठाइयो–
आमाको काखमा बस्दै गुप्ताङ्ग सुम्सुम्याइयो;
धिक्कार ! भाग्य धिक्कार ! जन्म धिक्कार पाइयो
फेरि दुर्भाग्य यो जन्म बाँच्न मैलाई लाइयो ।

यसरी एउटै देह लाखौं चोटी मरिरहें
लाखौं भोज खुवाएर आफू भोकै परिरहें
अझ राक्षसको पेट टमक्क भरिएन छ
भान्सामा रूग्ण आँखाले हेरें केही बचेन छ
मान्छे धर्म कला भेष केही बाँकी रहेनछ ।
अझ ऊ देश नै खाने दुस्साहस लिई उठ्यो
उज्याएर दुवै दाह्रा आफ्नो सङ्कल्पमा जुट्यो;
यत्नले साँचीराखेको यही एक चटाइ हो
रित्तिएर सबै आफू आजैको पाइ पाइ हो
के हैन देश यो मेरो ?– आस्था, विश्वास, धैर्य हो
जिन्दगी बाँच्नका निम्ति यौटै मात्र विकल्प हो
जब यै देश नै खाने तारतम्य मिलाइयो
मेरो मस्तिष्कको तार थोत्रो गीतार झैं बज्यो
पैंतालो पनि अर्कैको दास बन्ने भएपछि
मैले सगरमाथाको बैशाखी टेक्न थालिन
अधिकार स्वयम् माथि स्वयम्को नरहेपछि
अर्काको दानमा चुत्थो जिन्दगी बाँच्न चाहिन
आफ्नै पूर्व पिडाबाट जुटे संघर्ष– सम्बल
नाङ्गो मैदानमा छिट्टै उम्रियो घोर जङ्गल
छुटे बन्दूकका पर्रा तर मान्छे लडीरहे
एउटा भूँईमा ढल्दा लाखौं मूर्च्छित ब्यूँतिए
दशकौं पछि धर्तीमा यौटा झुल्के बिहान भो
हिजोका भोज खानेको आज यौटै चिहान भो ।

के देखें सपना यस्तो मध्यरात हुँदै थियो
सोचे निश्चय नै नौलो सर्ग आदि हुँदै थियो
आँखा चिम्लि म सुस्ताएँ मिमिरे फैलिदै थियो
ख्याल बाहिरको धुँधी विस्तारै बैलिदै थियो

प्रकाशितः वर्ष ४ अङ्क १२
दायित्व साहित्य महोत्सव २०४९ मा तृतीत

त्यसैले अब म विदेश फर्कन्न

"दुखी भइछस् बाबू !"
...आमाको ममता उ यसरी पोखिन्छ–
"मेरा रक्तकणहरूमा
नेपाल आमाकै सुत्केरीको दुखाई दुखीरह्यो ।"
–उतै कतै सुखको जीवन व्यतित गर्छु भनेर
विदेशिएको नेपाली ठिटो उ,
धेरै वर्ष पछि नेपाल फर्किएको छ
र, आफ्नो पराले झुपडीको पिडीमा
ध्याच्च बस्दै भन्छ–
"अब म सगरमाथा र कञ्चनजङ्घा अनि
डाँफे र लालीगुराँस भएर नेपालमै बाँच्नेछु ।"

नेपालकै गर्भमा
यी हात–पाखुरा र सृजनशील पैतालाहरू निर्माण भई,
नेपाली माटो, हिमाली हावा, अनि
गण्डकी र कर्णालीको
बासन्ती सौरभ सँगालेर जीवन
नेपाल नै बोकेर हुर्किएको रहेछ
त्यसैले होला शायद,
मलाई नेपाली कोदो र फापर नै पच्दोरहेछ ।
'वाशिङ्गटन', 'टोकियो र 'हेस्वर्ग' शहरको,
'फाइवस्टार' होटलहरूका
'ब्रेकफास्ट', लन्च र 'डिनरहरू'ले
आफ्नै ओदाने अगेनामा ओडालिने डिडोको
तिर्सना मेटाउन सकेन ।
'डिसकोथेक'हरूमा गुञ्जिने
रोमाञ्चित सङ्गीत्य धुनहरूले पनि,
मेरो ढोराली र भन्ज्याङहरूमा घन्किने
मादलको ताल र असारे–भाकालाई
विर्साउन सकेन ।

–गर्मीको बेलामा त्यहाँ
'फ्रिज'को पानीले पनि मेरो
जिब्रो पोलिरह्यो.....'
'एअरकुलर'को शीतल हावामा पनि ममा
पसिना आइरह्यो
हरेक समय, हरेक पाइलामा
मेरा हत्केलाहरूले
मेरै असार र मङ्सीरको
गरा, आली र कान्लाहरू खोजीरह्यो
अनि मेरो कानमा
मेरै मन्दिरमा बज्ने
घण्टाहरूको आवाज गुञ्जीरह्यो ,
–त्यसैले आमा ! अब म विदेश फर्कन्न ।

□

प्रकाशितः वर्ष ४ अङ्क १२
दायित्व साहित्य महोत्सव २०४९ मा तृतीय

दायित्व र यसका कथाहरू

□ गोपीकृष्ण शर्मा

लगभग पाँच वर्ष पूर्व २०४४ साल वैशाखको नव वर्षारम्भसँगै सामयिक संकलनका रूपमा साहित्यप्रधान पत्रिका 'दायित्व'को जन्म भएको हो। अहिले सम्मको पाँच वर्षको यात्रामा यसका १६ अङ्कहरू प्रकाशित भइ-सकेका छन्। आरम्भमा सामयिक सङ्कलन भनिए पनि एघारौं अङ्क (२०४७ वैशाख) मा त्रैमासिक र बाह्रौं अङ्क (२०४७ आश्विन) मा मासिक पत्रिका घोषित भएर 'दायित्व' देखा पऱ्यो। तर चाहेजस्ता रचनाको खडेरी, आर्थिक कठिनाइ र समयको कमीजस्ता साहित्यिक पत्रिकाका साझा रोगबाट 'दायित्व' मुक्त हुन सकेन। मासिक पत्रिकाका रूपमा प्रकाशित भएन। फलतः तीन–चार महिनाको अन्तरालमा मात्र 'दायित्व' ले मुख देखाउन थाल्यो। उक्त पाँच वर्षका अवधिमा सम्पादन, व्यवस्थापन, सल्लाह र सहयोग गर्ने नाममा पनि फेरबदल र थपघट हुँदै गए। साहित्यिक उत्थानप्रति आफ्नो दायित्व अनुभव गर्ने तीन जना उत्साही व्यक्तित्वको साझा संलग्नता भने 'दायित्व'ले मुख्यदेखि अहिले सम्म पाउँदै आएको छ। यस खालका साहित्यिक अभियानमा सक्रियता देखाउने व्यक्तित्व हुन्– रामप्रसाद पन्त, तारा कार्की र लक्ष्मी पन्त। प्रवेशाङ्क (२०४४ वैशाख) मा सम्पादक लक्ष्मी पन्त, सहसम्पादक तारा कार्की र व्यवस्थापक रामप्रसाद पन्त रहे भने पदीय दायित्वमा फेरबदल हुँदै गत सोह्रौं अङ्क (२०४८ पौष) मा कार्यकारी सम्पादक रामप्रसाद पन्त, रचना सम्पादक तारा कार्की र व्यवस्थापक लक्ष्मी पन्त रहेका देखिन्छन्। सल्लाहकार र सहयोगीमा भने थपघटहरू भइरहेका छन्। यसरी 'दायित्व' सञ्चालनमा विपक्षीय क्रियाशीलता कायम रहेको छ र पदीय अभिभारामा आपसी समझदारीले परिवर्तन देखिए पनि तीनै जनाको संयुक्त सहभागितामा कुनै कमी आएको छैन। यस किसिमको सक्रियता साहित्यिक पत्रिकाका लागि दीर्घ जीवनको सूचक रहेको अनुभव हुन्छ।

प्रकाशनका आरम्भदेखि नै 'दायित्व' पत्रिकाले खास उद्देश्यलाई आत्मसात् गरी निर्वाह गर्दै आएको छ। विशेष गरेर नव प्रतिभालाई प्रोत्साहित गर्ने नीति यसले लिएको छ र अहिलेसम्म प्रकाशित रचनाका आधारमा यस पत्रिकाले आफ्नो दायित्वमा कमी आउन दिएको छैन। प्रवेशाङ्क (२०४४ वैशाख) कै सम्पादकीयमा भनिएको छ– "यसले साहित्यिक क्षेत्रमा केही योगदान गर्न खोज्ने तर बाटो नदेखेर अलमलिइरहेको वर्गलाई प्रोत्साहित गर्ने मुख्य उद्देश्य लिएको छ।" गत सोह्रौं पूर्णाङ्क (२०४८ पौष) मा समेत 'दायित्व'ले आफ्नो

वचनबद्धता भुनेको छैन– "नवोदित प्रतिभालाई समावेश गराउँदैमा पत्रिका पत्रिका नरहने भए हामी त्यसको समर्थन गर्दैनौं ।"

नवोदित प्रतिभालाई समावेश गर्ने उद्देश्य रहँदैमा 'दायित्व'ले चर्चित साहित्यिक प्रतिभालाई बिर्सेको भन्न सकिँदैन । विगत १६ अङ्कका पानाहरू पल्टाउँदै जाँदा विशिष्ट साहित्यकारका रचना, परिचय र भेटवार्ता पनि त्यहाँ छापिएका देखिन्छन् । यसरी 'दायित्व'ले स्थापित प्रतिभाहरूको अर्चना समेत गर्दै आएको छ । यथार्थमा दायित्वले साहित्यिक सिर्जना र समालोचनाका साथै विविध स्तम्भमा आफ्नो विशेष स्थान राखेको छ र साहित्यिक तथा समीक्षक महानुभावहरूका लागि दायित्व-का प्रतिहरू संग्रहणीय बनेका छन् ।

[२]

साहित्यप्रधान पत्रिकका रूपमा परिचित 'दायित्व'ले सिर्जनाका विभिन्न विधा र समालोचनालाई स्थान दिँदै गरेको छ । यसले कथा, कविता, गीत, गजल, लेख, निबन्ध, समालोचना, यात्रावृत्त, संस्मरण, अनुवादरचना, कृतिसमीक्षा, भेटवार्ता र साहित्यिक समाचार आदिका साथै स्वास्थ्य, संस्कृति र ज्ञानविज्ञान सम्बन्धी स्तम्भ-हरूलाई समेत प्रकाशनमा ल्याउने गरेको छ । समग्रमा प्रकाशित रचनाहरू नियाल्दा सबभन्दा बढी कविता र त्यसपछि कथाको संख्या रहेको छ । यसको आन्तरिक सङ्गठनबाट सिर्जना पक्षले बढी ठाउँ पाएको स्पष्ट हुन्छ ।

'दायित्व'मा प्रकाशित साहित्यिक विधामध्ये कथा पक्षलाई नियालेर त्यसको स्वरूप, विन्यास, प्रवृत्ति र सन्देशबारे प्रकाश पार्नु यस लेखको सीमा हो । यही सेरोफेरोले प्रस्तुत रचनालाई निर्देशित गरेको छ । यस क्रममा हालसम्म प्रकाशित १६ अङ्कका कथाहरूमा कति-पय स्थापित कथाकार र धेरैजसो नयाँ अनुहार देखा परेका छन् । सुरुदेखि अहिलेसम्म दायित्वमा जम्माजम्मी ५९ कथाहरू छापिएका छन् । अनुवाद कथाको संख्या आठ रहेको छ र यिनलाई छाडेर ५१ मौलिक कथाहरू 'दायित्व'मा प्रकाशित छन् । अनुवादक समेत गरेर कथाकारको संख्या ४२ रहेको छ । एउटा मात्र कथा प्रकाशित गर्ने कथाकारहरू ४६ छन् र अरूले एक भन्दा बढी आठओटा सम्म कथा प्रकाशित गरेका छन् । साला-खाला ८० प्रतिशत कथाकार नयाँ अनुहारका देखिन्छन् । यस परिप्रेक्ष्यमा दायित्व आफ्नो घोषित उद्देश्यप्रति सचेत रहेको स्पष्ट सङ्केत मिल्छ ।

[३]

'दायित्व'मा स्थापित कथाकारदेखि लिएर उदीयमान कथाकारका कथाहरूले समेत स्थान पाएका छन् । शङ्कर कोइराला, ध्रुवचन्द्र गौतम र भागीरथी श्रेष्ठ आदि चर्चित कथाकार हुन् । कथाकारितालाई अगाडि बढाउँदै रहेका डा० मथुरा के० सी०, रामप्रसाद पन्त, इन्द्रकुमार श्रेष्ठ 'सरित्', खगेन्द्र संग्रौला, प्रतीक ढकाल र रुद्र ज्ञवाली आदि चर्चायोग्य कथाकारका कथा पनि यहाँ समाविष्ट छन् । चर्चित साहित्यकार र समी-क्षकहरूसँग भएका भेट वार्ताले दायित्वको उपादेयता अरू बढेको छ । अहिलेसम्म भेटवार्तामा आएका साहित्य-कार हुन्– डा० ध्रुवचन्द्र गौतम (अङ्क २), फणीन्द्र-राज खेताला (अङ्क ४), श्यामदास वैष्णव (अङ्क ५), ललिजन रावल (अङ्क ८), विष्णुविभु घिमिरे (अङ्क ९), विश्वविमोहन श्रेष्ठ (अङ्क १०), डा० तुलसी-प्रसाद भट्टराई (अङ्क ११), भागीरथी श्रेष्ठ (अङ्क १२), वासु शशी (अङ्क १३), धर्मराज थापा (अङ्क १४), रमेश विकल (अङ्क १५) र टुकराज मिश्र (अङ्क १६) । उक्त प्रतिभाहरूको साहित्यिक परिचयका साथै

तिनका साहित्यसम्बन्धी धारणाले पनि दायित्वका उक्त अङ्कहरू साहित्यिक इतिहासका महत्त्वपूर्ण पृष्ठ बनेका छन् ।

साहित्यका विभिन्न विधामा नाम कमाएका प्रतिभाहरूका उक्त भेट वार्तामध्ये कथाकारिताको फाँटलाई समेत झल्काउने कतिपय अंश जोडिएका छन् । डा० ध्रुवचन्द्र गौतम, रमेश विकल र भागीरथी श्रेष्ठ आदिका अन्तर्वार्तामा कथाशिल्प र लेखनबारे चर्चा उठाइएका छन् । यिनले कथाको मूल्य र कथाकारका दृष्टिबारे प्रश्न स्पष्ट सँग जानकारी दिएको अनुभव हुन्छ । साथै कथालेखनमा प्रवेश गर्ने नव प्रतिभाहरूलाई समेत यी धारणाले सघाउ पुऱ्याउने तथ्यलाई भुल्न सकिँदैन । यस परिप्रेक्ष्यमा यी भेटवार्ताहरू उदीयमान साहित्यकारहरूका लागि मार्गदर्शक अनुभव बनेका छन् ।

[४]

दायित्वमा प्रकाशित कथाहरूले खास क्षेत्रमा आ–आफ्नो विशेषता प्रस्तुत गरेका छन् । कथागुम्फन, प्रस्तुतिशिल्प र सन्देशका कोणबाट हरेक कथाको आफ्नै मूल्य छ । धेरैजसो कथाले प्रेमको समस्यालाई अगाडि ल्याएका छन् भने कतिपय कथाहरू समसामयिक समस्या र ग्रन्थिलाई छोएर संगठित भएका छन् । वस्तुविन्यासको प्रक्रियाअन्तर्गत कथानकयोजनामा औपन्यासिक संयोजन गर्ने प्रवृत्ति पनि ठाउँ–ठाउँ पाइन्छ । कतै नाटकीय र कतै दैनिकीका रूपमा पनि कथाहरू आएका देखिन्छन् । यसरी हेर्दा विषयचयनको विविधतालाई दायित्वका कथाले समेटेको अनुभव हुन्छ ।

प्रस्तुति शिल्प कथाको प्रमुख पक्ष हो । सामान्य विषय पनि प्रस्तुति कौशलले चहकदार बन्न सक्छ । यहाँ आएका कथाहरूमध्ये धेरैजस्तो 'म' पात्रकेन्द्री उत्तमपुरुषप्रधान शैलीमा लेखिएका कथा छन् । तृतीयपुरुषप्रधान कथाकथन शैलीका कथाहरू निकै कम छन् । प्रस्तुतिमा कतै चरित्रलाई कतै परिवेशलाई र कतै दुबै पक्षलाई प्रधानता दिएका कथाहरू भेटिन्छन् । केही कथाहरू भने घटनाविवरणलाई सर्सर्ती बखान्ने खालका छन् र यिनमा कथाशिल्पको आभ्यासिक प्रयोग मात्र पाइन्छ । सालाखाला हेर्दा लगभग ६० प्रतिशत कथाले कथाशिल्पको समुचित निर्वाह गर्न सकेको पाइन्छ ।

साहित्यका अन्य विधाजस्तै कथा विधाको पनि खास सन्देश रहन्छ । उक्त सन्देश कतै कथाकारले स्वयं उद्घोषणा गरेको हुन्छ भने कतै कथाप्रस्तुतिको माध्यमबाट उद्घाटित हुन्छ । वासनात्मक प्रेमको दुःखात्मक परिणति, शहरमा देखा पर्ने डेराको समस्याबाट उत्पन्न तनाव, आफ्नै सम्झिएकी प्रेमिकाको अरूसँगको सम्पर्क थाहा पाएर हुने छट्पटी, दाजुभाइमा देखिने वैमनस्य, धनको अभावमा प्रेमिकाको लाञ्छना आदि थुप्रै सामाजिक समस्याले दिन खोजेको कथात्मक न्यायलाई समेत यहाँ सन्देशका रूपमा ग्रहण गर्न सकिन्छ । यहाँ उल्लेख्य के छ भने उद्घोषित सन्देशभन्दा कार्यकारणबाट अभिव्यञ्जित सन्देशले कथाको स्तरलाई उचाल्दछ र यस तथ्यप्रति धेरैजसो कथाकार सचेत देखिन्छन् ।

[५]

'दायित्व'मा हालसम्म प्रकाशित ५१ मौलिक कथाहरूलाई प्रवृत्तिगत रूपले समग्रमा अध्ययन गर्नुपर्ने हुन्छ । विषयको चयन, कथानकयोजना, परिवेश वा चरित्रप्रति झुकाउ र कथाकथनशैली जस्ता प्रमुख कोणबाट प्रवृत्तिगत वैशिष्ट्यलाई पर्गेल्न सकिन्छ । कतै विषय र प्रस्तुतिको तालमेल मिलेको, कतै खजमजिएको र कतै कौतूहल पैदा गर्न नसकेको स्थिति यहाँका कथामा पाइन्छ । डा० ध्रुवचन्द्र गौतमको 'विस्थापित' कथा यस पत्रिकाका उत्तम कथामध्ये एक हो । संयुक्त परिवारको

मानसिकता र भ्रातृप्रेमको आदर्श पछ्याएर सौताने जागिरे दाजुकहाँ काठमाडौंमा जागिरको आशाले बसेको भाइ कसरी दाजुको छोरा दीपराज खनाल विदेशको पढाइ सकेर फर्केपछि विस्थापित हुन पुग्छ भन्ने तथ्यलाई यस कथाले राम्ररी ठम्याएको छ । भाइका लागि वर्सातमा छाता ओढाइदिने अपरिचित र सानो उमेरमा सँगै पढेकी विमुले घर फर्कन दिएको एक सय रुपियाँ बिसि नसक्नु घटना बन्न पुगेका छन् । यसरी प्रणय–प्रेम बाहिर सामाजिक समस्या दाजुबाट र भाइबाट आफ्नै किसिमले उद्घाटित भएका छन् । यसमा विषय र प्रस्तुतिको तालमेल मिलेको छ । यसै गरी शङ्कर कोइरालाको 'लाममा उभिने प्रयास गर्दा' कथाले अभिव्यञ्जनाका रूपमा सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेर नयाँ प्रभाव पैदा गरेको छ । अर्कोतर्फ लघु कथा 'अन्धकार गुफा' मा भागीरथी श्रेष्ठले रूपक उपस्थापन शैलीबाट अन्धकारमा बस्नेहरूले सूर्यको उज्यालो नपाएर संघर्ष गरेको स्थितिलाई उपस्थापन गरेकी छन् ।

'दायित्व'मा प्रकाशित कथाहरूमध्ये डा० मथुरा के० सी० को 'नयनवती' कथाले शारीरिक खोट भएका कन्याको विवाहसमस्यालाई राम्रोसँग उपस्थापन गरेको छ भने रामप्रसाद पन्तको 'चाकरीको धुनमा...' कथाले नेपालमा चाकरी–चाप्लुसी प्रथा फलिफाप भएको कटु यथार्थको उद्घाटन गरेको छ । खास्टेको व्यक्तिचरित्र झल्काउने विश्वनाथ नेउपानेको 'स्थापना' कथा, अबोध केटीलाई झुक्याएर भारत लगी बेच्ने दुष्प्रवृत्तितर्फ सचेत रुद्र ज्वालीको 'अनुत्तरित प्रश्न' कथा र हाकिमको अनैतिक सम्पर्कको सम्भावनाले डराएर जागिरबाट राजिनामा गरेकी उषाको अडानलाई चित्रित गर्ने खिला तुम्बाहाम्फेको 'आफैंमा अल्मिएका विवशताहरू' जस्ता कथाहरू प्रणयेतर सामाजिक समस्याको उद्घाटनतर्फ उन्मुख छन् ।

प्रेम–प्रणयका कथाहरू मूलतः दुर्घटित परिणति देखाउन लालायित देखिन्छन् । गरीबीको कारणबाट प्रेमिका मीरादेखि अपहेलित पुरुष राजको देखाउने खालको गिरिराज ज्वालीको 'एउटा चोट विपन्नताको' कथा, र सुस्मितासँग भरतको विवाह भएपछि पनि निकै वर्ष निस्सन्तान भएकाले सन्तानकै लागि एक पटक सुस्मितासँग यौन सम्पर्क गरी भरत–सुस्मिताकै जीवनमा हरियाली ल्याउने राजीव दवाडीको 'निश्छल पाप' कथाले प्रेमका विभिन्न पक्षहरूको उपस्थापन गरेका छन् ।

'दायित्व'का अङ्कमा प्रकाशित कतिपय कथाहरू विशेष उद्देश्यबाट प्रेरित देखिन्छन् । वातावरण संरक्षणको उद्देश्यले लेखिएको गिरिराज पन्थको 'हामी पछुताइरहेछौं' कथा, शङ्कर कोइरालाका हास्य कथा 'ईश्वर तिमी कहाँ छौ' तथा 'कस्तूरी मृग र तीखे गाई' कथाहरू अनि रामप्रसाद पन्तको यात्राकथा 'श्री दुर्गा रिसाल' आदिले खास लक्ष्यको परिपूर्ति गर्ने उद्देश्य राखेका देखिन्छन् । यसै गरी कमल ज्वालीको 'डेराको खोजीमा' कथाले शहरमा केन्द्रित बढ्दो जनसंख्याको चापलाई डेरा नपाइने समस्याको कोणबाट व्यक्त गरेको छ भने त्यसै अन्तर्गत घरपटीका विभिन्न रुचिहरू पनि अभिव्यञ्जित भएका छन् । यस क्रममा गोविन्द ज्वालीको 'रिहाइ' कथाले 'महामानव' नाम गरेको छद्म नामबाट मन्दिर आएको व्यक्तिले अरूमाथि प्रभाव जमाई मूर्ति चोरी गरेको प्रसङ्गलाई व्यङ्ग्यात्मक पारामा व्यक्त गरेको छ भने राजेश्वर रेग्मीको 'विस्फोट' कथाले कुनैकी प्रेमिका चिया पसलीको अर्कैसँगको सम्पर्क देखाएर वेश्यावृत्ति-

लाई उदाङ्गो पारेको छ । साथै ज्ञानेन्द्र गदालको 'श्रीमतीको चाहना' कथाले जागीर खानासाथ भ्रष्टाचार र घुसका भरमा रातारात शहरमा बङ्गला बनाउने जागिरेको प्रवृत्तिप्रति आक्षेप गरेको देखिन्छ । ठाकुर शर्माको 'जवानीको पाप' कथाले अविवाहित अवस्थामै अनैतिक यौन सम्पर्क गरी जन्मेको बालकलाई फर्काइर आश्वस्त हुने कतिपय नारीको दुश्चरित्रमाथि प्रकाश पारेको छ । यसै गरी दिनेश सुब्बा रङ्गको 'मौन चाहनाका प्रेमीहरू' कथाले अव्यक्त प्रेमको दुर्घटित रूपलाई अगाडि ल्याएको छ । यसरी हेर्दै जाँदा यहाँका सबैजसो कथाले समाजबाट नै मिल्दा–ग्रमिल्दा कार्यशैली टिपेर कथारूप दिने चासो देखाएको स्पष्ट परिलक्षित हुन्छ ।

यहाँ केही अनुवाद कथा पनि छन् । खास गरी विदेशी कथाकारका कथाहरू यहाँ अनूदित भएका छन् । अनुवादकथा लेख्ने कथाकारहरू हुन्– श्रीमती लक्ष्मी पन्त, शङ्कर कोइराला, सुरेश न्यौपाने र कुन्दनकुमार पन्त । यी कथामा अनुवादकथाको मिठास पनि स्पष्ट परिलक्षित हुन्छ । यिनमा पनि लक्ष्मी पन्तको अनुवाद-कलामा परिष्कारका लक्षणहरू कोरिएका छन् । फ्रेञ्च अनुवादकथा 'जङ्गलमा' सम्वादसंयोजन र परिवेश चित्रणलाई काटीकुटी नेपाली पृष्ठभूमिबाट उपस्थापन गरेर लक्ष्मी पन्तले आफ्नो अनुवादकौशल प्रस्तुत गरेकी छन् । शङ्कर कोइराला र कुन्दनकुमार पन्तको अनुवाद-शैलीमा पनि कौतूहल र प्रस्तुति कौशलको झलक पाइन्छ ।

अन्य मौलिक कथाहरूमा कृष्णप्रसाद उपाध्यायको हास्यकथा 'कैंची, छुरा र चिप्लो', महेन्द्र पौड्यालको 'प्रेमले उब्जाएको घाउ' कथा, भागीरथी श्रेष्ठको 'महत्वाकाङ्क्षी ठूलो दाजु' कथा, खगेन्द्र संग्रौलाको डायरी-कथा 'ललितकान्तको 'गोप्य डायरी' र इन्द्रकुमार श्रेष्ठ सरित्को 'अन्तर्द्वन्द्व' कथा आदिले विषय र प्रस्तुतिमा नयाँ दृष्टि दिने प्रयास गरेका छन् । कथानकसंयोजन र प्रस्तुतिको दृष्टिले केशव थापाको 'एउटा जीवनको अन्त्य' कथा पनि उल्लेखनीय छ । यसमा सुब्बा देव-कृष्णले आफ्नी पत्नीलाई भनेका कुराबाट आहत भएकी जवान छोरी बीना ग्राहकको क्षणिक प्रेम वासनामा अल्झन नचाही आत्महत्या गरेकी छ । छोरीलाई समेत पसल थापेर पैसा कमाउने कतिपय बाबुको प्रवृत्ति यहाँ उद्घाटित भएको छ । यसै गरी प्रतीक ढकाल, रमेशजी सजल र सुदय पौडेलका कथाले पनि कुनै न कुनै समस्यालाई लिएर कथाको संरचना गरेका छन् । जीव अधिकारी, ए० बी० सिंह, यराप शर्मा र मोती धिमिरेका कथाले कतै चरित्र र कतै सामाजिक विसङ्गतिलाई स्पष्टयाउने प्रयास गरेको अनुभव हुन्छ । यसरी ४१ कथाकारका व्यक्ति लेखन शैलीलाई केलाउँदै जाने हो भने यसमा आ–आफ्ना सूक्ष्म प्रवृत्ति पनि भेटिन्छन् ।

समग्रमा हेर्दा समाजका प्रेम–प्रणय, जागीर, घूस प्रवृत्ति, पसल, डेरा, नैतिक मर्यादा, मूर्तिचोरी आदि विभिन्न पक्षलाई आधार बनाएर रचिएका यी कथाहरू नेपाली कथाको इतिहासमा आफ्नो स्वतन्त्र पहिचान कायम गर्ने तरखरमा देखिन्छन् । कतै वाक्य गठनमा, कतै प्रस्तुतिमा र कतै कथानक संयोजनमा खोट देखिने खालका आभ्यासिक कथा पनि यहाँ फाट–फुट छापिएका छन् । यिनमा पनि सतत अभ्यासका क्रममा परिष्कार-लाई आत्मसात् गर्ने लक्षण पाइन्छ । त्यसो हुनाले आभ्यासिक कथाको समेत आफ्नै महत्व रहेको स्पष्ट हुन्छ ।

[६]

विषय र प्रस्तुतिको संयोजन–पक्षबाट पनि दायित्व-का कथाको विवेचना गर्न सकिन्छ । यसमा छापिएका

केही कथाहरू वस्तुविन्यासका कोणले निकै राम्रा छन् । नव कथाकार प्रतिभाहरूमा कथाशिल्पलाई अँगालेर मार्मिक अभिव्यक्ति दिने कथाकारहरूमा रुद्र ज्ञवालीको 'अनुत्तरित प्रश्न' (अङ्क १५), राजीव दवाडीको 'निश्छल पाप' (अङ्क ११), कमल ज्ञवालीको 'डेरामा खोजीमा' (अङ्क १०), रामप्रसाद पन्तको 'परिणति' (अङ्क १६), दिनेश सुब्बा 'रङ्क'को 'मौन चाहनाका प्रेमीहरू' (अङ्क २), गोविन्द भण्डारीको 'रिहाई' (अङ्क १३), डा० मथुरा के० सी० को 'नयनवती' (अङ्क ८) राजेश्वर रेग्मीको 'विस्फोट' (अङ्क १२) र खिला तुम्बाहाम्फेको 'आफैमा अल्झिएका विवशताहरू' (अङ्क १३) आदि उल्लेख्य छन् । यिनले कथाकथनमा खास परिवेश खडा गरेर त्यसैको सेरोफेरोमा कथासूत्रलाई डोऱ्याउने प्रस्तुति-शिल्पलाई अँगालेका छन् । उदाहरणार्थ राजीव दवाडीको 'निश्छल पाप' लाई लेऔं । यहाँ विराटनगरको विमान-स्थलको परिवेशबाट कथा सुरु भएको छ । स्मृतिपटलमा सुबोधको सुस्मितासँग कीर्तिपुर क्याम्पसमा पढ्ने बखतका आत्मिक र वासनारहित प्रेम पनि आइरहेको छ । सुबोधको साथी भरतले उही सुस्मितासँग बिहे गरेको कुरा सुबोधलाई थाहा छैन । विवाहपश्चात् पाँच-पाँच वर्ष बित्दा पनि सन्तान नजन्मेको तर सुबोधसँगको एक पटकको मौन सम्पर्कपछि तत्काल सुबोध अन्यत्र गएकोले सुस्मिताको गर्भ आफैं सम्झेर भरत कृतार्थ बन्छ । यसरी परिवेशको संयोजन यहाँ कथासूत्रसँगै हुन सकेको छ । यसै गरी रुद्र ज्ञवालीको 'अनुत्तरित प्रश्न' कथामा बनारसको वेश्यालयको परिवेशमा एउटी अबोध नारीलाई पुऱ्याएर देहव्यापारको कुत्सित प्रवृत्तिप्रति आक्षेप गरिएको छ । यहाँ 'परिणति' कथाको वस्तुसंयो-जन पनि उत्तिकै उल्लेख्य छ । पाटी-पौवाको परिवेश र त्यहाँको इतिहासले हुत्याएर कथालाई मार्नेको स्वास्नी-को दुश्चरित्रसम्म पुऱ्याएको छ । अन्य कतिपय कथा-हरूमा पनि यस खालको कुशल प्रस्तुति देखा पर्दछ ।

केही कथाहरू भने कथाशिल्पका दृष्टिले ऋणात्मक देखिन्छन् । उदाहरणका रूपमा सुदय पौडेलको अप्रत्या-शित (अङ्क ११), विरक्ति माइलाको 'पञ्चायती बैठक (अङ्क १३), मोती घिमिरेको 'विवशतामा बाँचेको जिन्दगी (अङ्क ६) र कृष्ण जी० सी० को 'दुई लघु कथा (अङ्क १२) आदि कथालाई लिन सकिन्छ । यिनमा कतै चरित्र पुष्ट नभएको, कतै परिवेश खजमजिएको र कतै कथानकयोजना सङ्गठित नभएको आभास हुन्छ । जस्तै, सुदय पौडेलको 'अप्रत्याशित'मा कथानकयोजनाले राम्रो प्रभाव दिन सकेको छैन । अकथा कथाको शिल्प-लाई अँगाल्ने आतुरता मात्र पाइन्छ । विरक्ति माइलाको 'पञ्चायती बैठक'मा बैठकको कार्यशैलीप्रति आक्षेप गर्ने नाराले कथाशिल्पलाई व्याघात पुऱ्याएको छ । यसै गरी 'विवशतामा बाँचेको जिन्दगी' कथामा कथारेखालाई नाटकीय प्रस्तुति वा औपन्यासिक अन्त गर्ने कथाशैली पाइँदैन । यसमा खडा गर्न चाहेको परिवेश (बेकारी समस्या र लाहुर जाने प्रवृत्ति) लाइ कथानकयोजनाले पुष्टि गर्न सकेको छैन । यसरी खोज्दै जाँदा अन्य कति-पय दुर्बल कथाहरू पनि यहाँ संग्रहीत छन् । यति भएर पनि यी कथाहरूमा कतैकहीं हरिया सम्भावनाका झिल्का झिल्की पाइन्छन् र यिनै लक्षणले कथाको रूप दिने चेष्टा गरेका छन् ।

चर्चित कथाकार हुँदैमा उसले लेखेको कथा राम्रो भन्ने हुँदैन । प्रायः चर्चामा नआएका प्रथम पटक कथा लेख्ने नव प्रतिभाबाट पनि राम्रा कथा जन्मन सक्छन् । यदि यस्ता प्रतिभालाई समयमै हौसला दिन सकियो भने पछि गएर ऊ राष्ट्रिय तहको कथाकार बन्न सक्छ । यस अर्थमा यहाँ आएका नयाँ प्रतिभाहरू पनि भविष्यका

सुविख्यात कथाकारमा दरिने सम्भावना नकार्न सकिदैन । त्यसो हुनाले अहिले दुर्बल सम्झिएका कथाकारहरूमा समेत प्रतिभाबीज रहेकै हुन्छ र निरन्तर अभ्यास र संलग्नतामा त्यसको प्रस्फुटन हुन्छ ।

यहाँ चर्चा गर्नुपर्ने अन्य कथा पनि छन् । सबै कथालाई भिन्दाभिन्दै समीक्षा गर्नुपर्ने स्थिति पनि रहेकै छ । संरक्षण कथा, सांस्कृतिक कथा र हास्यकथाले पनि आ-आफ्नो विशेषता लिएर आएका छन् । अनुवाद-कथाको मूल कथा र प्रस्तुतिलाई दाँजेर कथाकौशल हेर्ने पक्ष पनि छँदैछ । यस खालका सूक्ष्म विवरणमा नअलिएर समष्टिमा सम्पूर्ण कथाको समन्वित प्रभावलाई हेर्दा 'दायित्व'का कथाहरूले नेपाली कथा-इतिहासमा समसामयिक कथालेखनको एउटा अंशलाई प्रतिनिधित्व गरेको छ र यस परिप्रेक्ष्यमा यी कथाको विशिष्ट महत्त्व पनि छ ।

[७]

नेपाली कथाविधालाई अगाडि बढाएर कथासाहित्यको विस्तार गर्ने सन्दर्भमा, 'दायित्व' पत्रिकाले प्रशंसनीय काम गरेको छ । यहाँ चर्चित कथाकारका साथै नयाँ अनुहारका कथा छापिएका छन् । यस अर्थमा कथाकार जन्माउने र तिनको कथाकारितालाई हौसला प्रदान गर्ने दायित्व समेत यस पत्रिकाले बोकेको अनुभव हुन्छ । यहाँ प्रकाशित कथाहरूले औंल्याएका सामाजिक समस्याहरूलाई केलाउँदा वर्तमान नेपाली समाजको सिङ्गो पर्यवेक्षण भएको भन्न पनि सकिन्छ । वास्तवमा साहित्य समाजको दर्पण हो । खास गरी आख्यान साहित्यमा तिथिमिति र नाम बाहेक सम्पूर्ण घटना र कार्यहरू सत्य र तथ्य हुन्छन् । समाजनिरीक्षण गर्ने परिपाटी कथा र उपन्यासका आफ्ना फाँट हुन् । यस दृष्टिले पनि दायित्वका कथाको मूल्यलाई हेर्न सकिन्छ ।

'दायित्व' भित्र आएका कथाहरूको आफ्नो पहिचान छ । यहाँ लघुकथादेखि हास्यकथा र यात्राकथासम्म प्रस्तुत छन् । यिनमा यौन विश्लेषणको मनोवैज्ञानिक गाम्भीर्य र समाज-समस्याका भित्री रहस्यहरू त्यति खोतल-खातल हुन सकेका छैनन् । एकाध ठाउँ केही कथाकार(ध्रुवचन्द्र, केशव थापा आदि)ले यस पक्षलाई नछोएका होइनन् तर पनि समष्टिमा यो पक्ष प्रायः ऋणात्मक रहेको महसुस हुन्छ । यति भएर पनि के कुरा भुल्न हुँदैन भने दायित्वमा प्रकाशित नयाँ पुस्ताका नयाँ कथाले 'सडक कविता (साहित्य) क्रान्ति २०३६' पछिको मानसिकतालाई उपस्थापन गर्दछन् । पारिजात र विजय मल्ल पछिको समसामयिक कथाधारालाई समेट्ने जमर्को यी कथामा गरिएको छ । यस अर्थमा कथाको इतिहास निर्माणतर्फ विचार पुऱ्याउँदा 'दायित्व'मा सङ्कलित कथाले परम्परालाई जोड्ने शृङ्खला बनाएका छन् । कथा क्षेत्रलाई समेत महत्त्व दिएर साहित्यिक पत्रिकाको गरिमा कायम गर्न चाहने 'दायित्व' पत्रिका र यसका सम्पादक-व्यवस्थापक तथा सहयोगीहरू साधुवादका पात्र छन् । 'दायित्व'ले आगामी अङ्कहरूमा समेत यस किसिमको कथा-प्रोत्साहन कायम गर्दै रहने छ र कथासाहित्यका क्षेत्रमा यस पत्रिकाको योगदान अरू गरिमामाय बन्ने छ भन्ने आशा गर्नु स्वाभाविक भएको छ ।

□ □

कथाका समालोचक श्री शर्माज्यूले दायित्वले दिएको दायित्वलाई पूर्णतया निर्वाह गर्नुहुँदै नव प्रतिभालाई प्रोत्साहित गर्ने क्रममा निम्न पंक्तिहरूबाट आफ्नो घोषणा गर्नु भएको छ । - सं.

'दायित्व' पत्रिकाले प्रवेशाङ्क (२०४४ नव वर्ष) देखि सोह्रौं अङ्क (२०४८ पौष) सम्म साहित्यका विविध क्षेत्रमा निकै योगदान पुऱ्याएको र नयाँ प्रतिभालाई प्रोत्साहित समेत गरेको सन्दर्भ निकै तुष्य छ। कथाकारिताका फाँटमा केही पुराना चर्चित प्रतिभाका साथै नयाँ अनुहारका कृति पनि प्रकाशित गरेर उदीयमान पुस्तालाई प्रकाशमा ल्याउने प्रयास अन्य पत्रिकाका लागि पनि उदाहरणीय बनेको छ। दायित्वको नीति अनुकूल खास गरी नयाँ प्रतिभालाई हौस्याउने परिप्रेक्ष्यमा हालसम्म (१ देखि १६ सम्म) का अङ्कमा प्रकाशित नयाँ पुस्ताका कथाकारहरूको स्तर निर्धारण गर्न जिम्मेवारी निकै गहन रह्यो। तापनि यसबारे आफ्नो निर्णय र औचित्यको समेत यस पत्रमार्फत अवगत गराउन चाहन्छु।

दायित्वका सम्पूर्ण अङ्कका पृष्ठहरू पल्टाउँदै जाँदा अनुदित समेत गरी जम्मा ५९ कथा प्रकाशित रहेछन्। यिनमा हरेक कथाले आफ्नो-आफ्नो गन्तव्यस्थल र साहित्यिक न्यायलाई पहिल्याउने चेष्टा गरेको पाइयो। समष्टिमा यो चयनको काम पनि अप्ठेरो अनुभव भयो। यति भएर पनि सुम्पेको दायित्वलाई अङ्गीकार गरी दायित्व निर्वाह गरेको छु-

कथाकार रुद्र ज्ञवालीले समसामयिक समस्याको परिवेश चित्रणमा, ज्ञानेन्द्र गदालले नारीचरित्रको उपस्थापन-पक्षमा र खीला तुम्बाहाम्फेले नारी अस्मिताको प्रतिपादनमा विशिष्ट सन्देश दिन चाहेकोले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थानमा राखेको छु। अझ पनि थुप्रै प्रतिभाहरू राम्रा छन् र यिनको चयनले अरूको अवमूल्यन गर्न खोजेको चाहीं होइन केवल दायित्वले सुम्पेको दायित्व निर्वाह मात्र गरेको हुँ।

प्रस्तुत छन्, ती पुरस्कृत प्रतिभाका तीन उत्कृष्ट कथाहरू:-

ON THE HAPPY NEW YEAR
2049

We Wish Prosperity & Success to
All our Readers Patrons And
Well WishersS

ATLAS TRAVEL & TOURS (P) LTD
Durber Marg Kathmandu
Po. Box 2557 Telex 2317 Atlas Np
Tel : 224254 Cable : Atlas

आफ्ना अनुभवद्वारा जुरेको आधा सत्य अर्काको अनुभवद्वारा जोडिएको पुरा सत्य भन्दा लाख गुना उत्तम हुन्छ।

डा० राधाकृष्णन

अनुत्तरित प्रश्न

जीवन भन्नु अकल्पित घटनै–घटनाहरूको जोड, घटाउ र गुणनको समीकरण रहेछ । तीता मीठा घटनाहरूको यति सङ्गठन र विघटन जिन्दगीमा भोगियो जसको हिसाब मिलाएरै साध्य छैन । कति घटना विस्मृतिको गर्तमा विलाएर गए, कतिलाई समयले चपायो त कतिलाई सांसारिक माकुरोले क्वाप्यै निल्यो । तर पनि कुनै कुनै घटना यति सटीक र मर्मस्पर्शी हुँदा रहेछन्, न विर्सन सकिदो रहेछ न मुक्ति पाईदो रहेछ । यिनै अतीतका स्मृतिका खण्डहरमा सधै एउटै प्रश्न उम्रने गर्छ; त्यो कहाँ होली··· ··· ?'

जुन शहर धार्मिक र शैक्षिक जगतमा विश्व प्रख्यात छ, त्यही शहर बनारस नै यो प्रश्नको मूल बनेको छ । धार्मिक र शैक्षिक क्षेत्रमा सुविख्यात त्यो शहरले लज्जास्पद विसंगति जन्माएको छ । सामाजिक कुसंस्कार, अमानवीय कलङ्क र विडम्बनापूर्ण आसुरी प्रवृत्ति पालेर बाँचिको छ । भागीरथीले बगाएर-पनि नबग्ने, मणिकर्णिकाले धोएर नचोखिने र विश्वनाथ मन्दिरको जलले अभिषेक गरेर पनि मोक्ष नपाउने त्यस्ता घृणित बस्ती त्यहाँ छन; जहाँ स्त्री आवाज र अस्मिताको मोलतोल र लिलाम विक्री भै रहेको हुन्छ । दालमण्डी र मारवाडी गल्लीका नामले कुख्यात ती छोटा बस्तीमा दिन मसानघाट जस्तो नीरव रात कुम्भमेलाझैं आबाद भएर बिल्छ । विभिन्न असामाजिक गतिविधि र घृणित प्रवृत्ति पालेका ती बस्तीहरू बनारसको सुसंस्कृत परिवेशमा निर्लज्जतापूर्वक बाँचिरहेका छन् ।

प्राइवेट परीक्षार्थीको रूपमा बनारस भित्रिएका असंख्य नेपाली मध्येको म पनि एक थिएँ । बिरानो शहरमा हामी नेपालीले यति तिरस्कृत र उपेक्षित यति अपमानित जीवन बाँचियो, जसलाई शब्दमा अनुवाद गर्न सकिन्न । हाम्रा व्यथा पीडा बिसाउने बिसौनी त्यहाँ थिएन र जिरह गर्ने अदालत पनि थिएन । देशको गरीबी र बदनामीका थप्पड यति खाइयो जति भारतीयहरूले अंग्रेज शासकबाट खानु परेन होला । कहिले काहीं ती व्यथित महिला मित्रहरू यति विक्षिप्त हुन्थे सम्झदै भक्कानो छुटेर आउँछ ।

यस्तै पीडा, उपेक्षा र अवहेलनाका असंख्य घात प्रतिघात खपेर परीक्षा दिइयो । फर्कने दिन पनि आइहाल्यो । बसको टिकट लिएँ । केही नेपाली मित्रले पनि म सँगै बसको टिकट लिए । गाडी छुट्ने समय बाँकी भएकोले राजन र म नजीकैको चमेना घर तर्फ गयौं ।

चमेना घरको एउटा कुनामा बसेर राजन र मैले चिया नास्ता गऱ्यौं र समय बिताउन गफ चुट्न थाल्यौं । यत्तिकैमा हाम्रो अगाडितर्फ नेपाली झैं देखिने एक युवक र एक युवती आएर बसे । हाम्रो गफको क्रम रोकियो । मलाई युवतीको अनुहार कतै देखे–देखे जस्तो लाग्यो । तर कहाँ... ... ? यसै भन्न सकिन । युवती यति सुन्दर थिई– उ सौन्दर्य र माधुर्यकी बेजोड संगम थिइ र स्रष्टाकी अनुपम नमूना थिई । उ सौन्दर्य र माधुर्यकी बेजोड सङ्गम थिई । क्या ! रूप र लावण्यकी धनी थिई, उ... ! उसका अंग प्रत्यङ्ग यति सङ्गठित र कमनीय थिए जसलाई शब्दमा उतार्न शिल्प सम्भवतः कालि-

दासमा पनि थिएन । किन किन मलाई आँखा झिमिक्क नगरी उसैलाई मात्र हेर्न तृष्णा जागेर आयो । हृदयका आन्दोलित उद्वेगद्वारा मर्माहत भएँ म । हुन त विवाहित पराई स्त्रीलाई यसरी ग्रिद्धे दृष्टि दिनु मानवीय मान्यता, नैतिक मूल्य र युगिन सभ्यता विपरित असभ्य बर्बर जङ्गली धृष्टता थियो । तापनि म चोरी चोरी उसको लालित्यलाई घट घटती पिइरहेको थिएँ । मेरो अचेतन-मनको परिभाषाबाट पनि उ म भन्दा त्यत्ति टाढा थिइन । तर जति जति सम्झने प्रयत्न गर्थें त्यति त्यति म विस्मृतिको खण्डहरमा भासिंदै थिएँ । उ पनि चोर आँखाले मसाई हेर्दै थिई । मेरो धैर्य र संयमको बाँध भत्केर भावनाको भेल छताछुल्ल पोखिन खोज्दै थियो । मन भित्रका सुषुप्त ग्रन्थीहरू ज्वालामुखी बनेर विष्फोट हुँदै थिए । निकै संयमतापूर्वक म अतीतलाई केस्रा-केस्रा पार्दै गएँ; र बल्लतल्ल त्यो युवतीलाई स्मृतिको कारागारमा कैद गरें । त्यो युवती गौरी थिई । मेरी बाल्यकालकी सङ्गिनी, गौरी ··· ।

कुन्नि किन हो युवक उठेर होटेल मालिक भए तर्फ गयो र खासखुस गर्न थाल्यो । यो फुर्सदको क्षण मेरो निम्ति निकै उपयोगी ठहरियो । तपाई गौरी त होइन ? मैले सोधें । उसले फिस्स हाँस्दै मेरो नाम लिएर त्यस्तै प्रश्न गरी । प्रश्नको जवाफ पर्खने सरोकार दुबैलाई थिएन किनभने हाम्रा प्रश्नहरू स्वयंमा जवाफ थिए । हामीले एक अर्कालाई धीत नमरूञ्जेल हेर्यौं र मूल भाषामा भलाकुशारी गरिरह्यौं । यो मौनताले मलाई अतीत तर्फ धकेल्यो । कपडामा सिगान लगाई-दिएको झोकमा गौरी ठुस्केर म सँग तीन तीन दिनसम्म बोलेकी थिईन । अहिले मेरो अगाडिकी मौन गौरीलाई देखदा मलाई त्यही घटनाको झझल्को आयो । मेरो मथिङ्गलमा अतीत चलचित्रको दृश्य बनेर घुमिरह्यो । एस० एल० सी० पास गरेपछि म र गौरी अलग भएका थियौं । म जागीरको खोजमा भौतारिएको थिएँ र गौरी क्याम्पस पढ्न बुटवल तर्फ आएकी थिई । पछि लप्टन बूढा (गौरीका बुवा) ले बुटवलमा घर बनाइ बसाइ सरेपछि त गौरी र मेरो निकटतामा स्थायी तगारो लाग्यो । आज लामो अन्तराल पश्चात् उ सँग यो बिरानो शहरमा भेट भएको थियो । उन्मत्त यौवनको उन्मादले राँकिएकी गौरीको शरीरमा जवानीका सौरभ यति सुवासित थिए जुन अवर्णनीय छन् । उसको जीउडाल पनि केही मोटो भएको रहेछ, त्यसैले त ठम्याउन पनि हम्मे हम्मे पर्‍यो, मोरीलाई ।

गौरीबाटै थाहा पाएँ, 'उसले त्यो युवकसँग प्रेम-विवाह गरेकी रे । क्याम्पसबाट विराटनगर भ्रमणमा जाँदा परिचय भएको रे । त्यसपछि पत्राचार, आवत जावत, टेलिफोन सम्पर्क इत्यादि, इत्यादि । लप्टन बूढालाई त यो सम्पर्क पनि मन परेको थिएन रे । तर कुबुरे बैंसका तन्नेरी तरुनी ··· । बूढालाई थाहै नदिई सिद्धबाबाको थानमा प्रेम विवाह गरेर हनिमून मनाउन यता मुईंकुच्चा ठोकेकारे । 'विवाह भोज खुवाउने होइन त ?' भनेर सोधेको व्यङ्गात्मक प्रश्नलाई उही चिर-परिचित नसिलो मुस्कानद्वारा अनुमोदन गरी, गौरीले ।

हाम्रो वार्तालाई सशङ्कित आँखाले हेर्दै उसको पति भनाउदो पनि फर्केर आयो । गौरीले उसको र मेरो परिचय गराइ । नमस्तेका औपचारिकता पनि पूरा गरियो । किन किन मलाई त्यो मान्छे पटक्कै मन परेन । उसले आफ्नो विषयमा बढाई चढाई प्रसङ्ग गर्‍यो । उसको आत्मश्लाघा सुन्दा मेरो कन्सिरी यसरी तातेको थियो जसको अनुभव उसले त होइन गौरीले भने सहजै गरी । त्यसले आफू अपर्झट काम परेर अहिल्यै इलाहाबाद जानु पर्ने बाध्यताबाट गौरीलाई अवगत गरायो ।

गौरीलाई उसको पति भनाउँदाको घोषणा चित्त बुझेनछ क्यार ! उसको अनुहार निन्याउरो देखियो । उसले गौरीलाई आश्वस्त पार्दै भन्यो, यहाँ वि० एच० यु० मा मेरो मामा माइजू बस्नु हुन्छ । मैले फोन गरिसकेको छु । तिमीलाई लिन वहाँहरू आउँदै हुनुहुन्छ ।'' गौरीले यो प्रस्ताव पनि स्वीकार्न आनाकानी गरी । उसले भोलि बिहान कसै गरे पनि फर्कने र तुरुन्तै बुटवल तर्फलागि हाल्ने वचन गौरीलाई दियो । तर उ किन इलाहाबाद जादैछ यस विषयमा केही उल्लेख, उसले गरेन ।

यत्तिकैमा नेपाली भन्न सकिने भेषभूषाका एक प्रौढ दम्पति मोटर साइकल लिएर त्यहाँ आइपुगे । युवकले उनीहरूलाई आफ्नो मामा माइजू भनेर परिचय दियो । गौरी त्यो माइजू भनाउँदीसँग तुरुन्त घुलमिल भई र उसका प्रत्येक सम्वादहरूलाई निःसंकोच पत्याउँदै गई । आफूप्रति त्यो प्रौढ महिलाले दर्शाएको अस्वाभाविक अति स्नेहलाई गौरीले मूल्याङ्कन गर्न तर्फ लागिन । युवकलाई मामा भनाउँदोले रेल्वे स्टेशनसम्म पुऱ्याउने भयो । गौरी माइजू भनाउँदी सँग रिक्सामा वि० एच० यु० जाने भई । बस छुट्ने समय भै सकेकोले राजन र म उनीहरू-सँग बिदाबारी भई सुनौली जाने बसमा चढ्यौ ।

बस निश्चित समयमा गन्तव्य तर्फ गतिमान भयो । राजन र म सँगै बस्यौ । उसले म सँगै गौरीको विषयमा थप जिज्ञासा राख्यो । मैले उसलाई अरू सबथोक त भनें तर गौरी र मेरो बीचको बाल्यकालको अधूरो सम्बन्ध बारे केही पनि बताइन । उसले गौरीलाई अप्सराभन्दा राम्री भन्यो र त्यस्ती केटीलाई नपट्याएकोमा मलाई धिक्कार्न समेत पछि परेन । मैले चुपचाप सुन्दै गरें उसका गन्थनहरू । राजनका प्रत्येक शब्दहरूले मलाई मर्माहत पारे । तर पनि म ती पुराना अधूरा कथा उसलाई सुनाउने भूल किन गर्थें । गौरी म भन्दा निकै टाढा भए पनि गौरीको सुखद दाम्पत्य जीवनको कामना गर्दै रहें म । तर मलाई त्यो युवकको चरित्र संदिग्ध लाग्यो । एक पतिमा नबपत्नी प्रति हुन पर्ने अनुरागपूर्ण आत्मीय भाव वा प्रेमजन्य संक्रमण किन थिएन उसको आँखा-मा ·· ? त्यो अपरिचित शहरमा स्वास्नीलाई त्यसरी छोड्न कसैले सक्छ ? मैले राजनलाई सोधें– राजु, तलाई गौरीको प्रति कस्तोलाग्यो ? उसले पनि त्यो युवकको चरित्रमा शङ्का गऱ्यो । मेरो आशङ्का बढ्दै गयो । मलाई लाग्यो, कतै गौरी ·· ! त्यस्ता उरन्ठा-उला मान्छेको के भर । प्रेम–विवाह कतै नाटक मात्र त होइन ? म रन्थनिएँ । आँखा वरिपरि गौरीको आकृति नाच्न थाल्यो । मलाई रिक्सको फुर्को हल्लाएर स्कूल हिंड्ने गौरीको झझल्को आयो । मोरी पोक्ची स–साना कुरामा ठुस्केर हिंडेको स्मृतिले म आहत भएँ । यस्तै वैचारिक तानाबाना बुन्दा बुन्दै गोरखपुर पुगिएछ ।

गोरखपुरमा बस केही बेर रोकियो । यात्री ओर्लने र चढ्ने क्रम चढ्यो । यही क्रममा एक परिचित अनुहार बसमा चढ्यो । मलाई त्यो अनुहार गौरीको तथाकथित पतिकै जस्तो लाग्यो । मैले साउती गर्दै त्यो कुरो राजन-लाई भने । राजनले पनि त्यो त्यही युवक भएको ठहर गऱ्यो । मैले पुनः गहिरिएर त्यो अनुहारमा हेरें । नाक, मुख, आँखामा चश्मा, लामो ज्यापुल्ले कपाल काटीकुटी उस्तै । अब भने प्रष्ट भयो बिचरी गौरी बेचिई । गौरीको जीवन बर्बाद भयो । त्यो उन्मत्त जवानी, कोमल गुलाफ जस्तो शरीर र यौवन पुष्पित देहलतामा कति नरपशुहरू स्वच्छन्दतापूर्वक घृणित खेल खेल्दै होलान् । कसरी खप्दै होली गौरी त्यो मर्मान्त प्रताडना ? त्यो बगरे कसाइले बिचरीलाई झूठो प्रेमको पासोमा बाँधेर खसी बाबा झैं बेचेर आयो । मैले तत्काल बसमा नै त्यो अधनी नीच पाजीलाई पक्डेर मर्मत गर्ने प्रस्ताव राखें ।

'यस्ता दलालको स्थानीय गुण्डासँग नै सम्पर्क हुन्छ । फेरी यो हाम्रो देश पनि त होइन भन्दै राजनले मलाई रोक्यो । राजनको तर्क अनुसार उसलाई सुनौली बोर्डरमा समाएर प्रहरीलाई बुझाउने निर्णय भयो ।

नौतनवा पुगेर बस रोकियो । त्यो दैत्य बसबाट ओर्ल्यो । म पनि ओर्लन आँटेको थिए; राजनले रोक्यो । उसले भन्यो "अँध्यारोमा कहाँ जान्छ र··· ? पिसाब फेर्न झरे होला आइहाल्छ ।" तर बस चल्ने बेलासम्म पनि त्यो दुष्ट बसमा चढेन । हतार हतार राजन र बसबाट ओर्लेर त्यो राक्षसलाई खोज्न थाल्यौं । उज्यालो भयो र घाम टाउको माथि चढिसक्दा पनि त्यो कसाइको अत्तोपत्तो लागेन । मलाई त्यतिबेला राजनसँग निकै झोक चल्यो । गर्नुसम्म गाली गरें त्यो छुसीलाई । तर–भूल सुधार गर्ने कुनै मौका थिएन हामीलाई ।

राजन आफ्नो घर भैरहवा मै रोकियो । म बुटवल तर्फ लागे । मलाई लप्टन बूढासँग कतिबेला भेटौं जस्तो भैरहेको थियो । नभन्दै लप्टन बूढासँग बाटैमा भेट भयो । उनको आग्रह अनुसार घरमा पुगें । हुन त लप्टन बूढाले मलाई रुचाउँदैनथे तापनि परिस्थितिले गर्दा बूढा लाचार थिए । गौरी र उसको दुर्दशा कसरी सुनाउने त्यो विदिर्ण समाचार ··· । लप्टन बूढाको दयनीय अवस्थाले मेरो मन विचलित हुँदै थियो । खै ! त्यो दुर्वाशा जस्तो रिसाहा लप्टन ! मेरो अन्तरात्माले पुरानो लप्टन खोजिरहेको थियो । त्यो लप्टन जो आमाबाबुको मृत्युमा रोएन र आफ्नै पत्नीको मृत्यु हुँदा पनि एकथोपा आँसु खर्च गरेन । त्यस्तो पत्थरका आँखाबाट यतिबेला मनसुन बसिरहेका थिए । कुराको प्रारम्भ कसरी गर्ने ? यही असमञ्जस र अन्यौलको वातावरणमा बूढा आफैले गौरी घरबाट भागेर हिंडेको बताए । 'तिमीसँग कतै भेट भयो कि··· ···?' बूढाले मलाई सोधे । मैले घटना वृतान्त सुनाउँदै गएँ । बीचबीचमा मेरो गला अवरुद्ध भएर आउँथ्यो । घटना वृतान्त सुन्दा लप्टन बूढाज्यादै विचलित भए । दुईवटा विश्वयुद्ध लडेर सयौं मानिस टुक्र्याउने लप्टनका हात थरथराए । आँखा डबडबाए । रगतको होली खेलेर परमवीरचक्रले सम्मानित अदम्य साहसका प्रतिमूर्ति लप्टनका खुट्टा लगलग काम्न थाले । उनको अनुहार उराठ चैते बतास जस्तै भयो । रुनु सम्म रोए लप्टन बूढा । उनको चित्कार आर्तनाद यति हृदय विदारक थियो मेरो दिल टुक्रिएर छियाछिया हुन थाल्यो । अन्ततः मानसिक अन्तर्द्वन्द्वले बूढा बेहोस भए ।

केही क्षण पछि बूढा बैरिए । होस आउनासाथ उनले मलाई यति क्रुर आँखाले हेरे मानौं गौरीको जीवन–बर्बाद गर्ने अपराधी मै हुँ । अनायासै बूढा बच्चा झैं रुनथाले । धन्य नियतिको नियम ! त्यही लप्टन बूढो हो जसले मलाई गौरीसँगको बसाउठीको विषयमा बेइज्जत गर्दै घरबाट निकालेको थियो र त्यही लप्टन बूढो हो जसले आज गौरीलाई खोजेर ल्याउन मेरो खुट्टा पक्रेर अनुनयविनय गर्दै छ । धन्य हो वात्सल्य ? गौरीको खोजखबरको लागि म पुनः बनारस गएँ । दालमण्डी, मारवाडी गल्ली दुधविनायक, रामनगर कहाँ कहाँ भौतारिइन म ? तर गौरीको अत्तोपत्तो लागेन । निराश मन लिएर म फर्के । मलाई बूढाको सामना गर्न डर लागिरहेको थियो । तर बाटैमा थाहा पाएँ, बूढा गौरीको क्लेश र चिन्ताग्निमा भष्म भएछन् । पछि कैयौं पटक बनारस आवात जावत गर्ने क्रम चलिरह्यो । मैले प्रत्येक पल्ट त्यो नरभक्षी शहरका प्रत्येक स्त्रीमा गौरीको अनुहार खोजिरहें । तर प्रयास सधै निरर्थक रह्यो । लाग्छ, गौरी पक्कै जीवित छैन । जब जब मेरो मानसपटलमा अतीतको त्यो दुःखान्त दृश्य पुनरावृती हुन्छ, मलाई त्यही अनुत्तरित पूर्ववत् प्रश्नले पिरोल्ने गर्छ; "कहाँ होली गौरी" ····· ?

प्रकाशितः वर्ष ५ पूर्णाङ्क १५

दायित्व साहित्य महोत्सव २०४९ मा प्रथम ।

★ कथा ★ ज्ञानेन्द्र गदाल

श्रीमतीको चाहना

बिहान उठेदेखि मेरी श्रीमतीको लियास्रो, रूखो अनुहार सहितको सधैंको कचकच र अर्थहीन तर्कवितर्कले मेरो दिनभरिको कृयाकलापमा समेत नराम्रो मानसिक असर पर्न थालेको छ । कहिलेकाहीं अरूले झैं मलाई पनि परिवारसँग बसेर सुख दुःखका बातचित गर्न, हाँसखेल अनि रमाइलो गर्न मन लाग्छ तर मेरी श्रीमती भने सधैं नचाहिदो कुरामा फत्फताउने बानी कहिल्यै छाड्ने होइन । हिजो बेलुकी कार्यालयबाट फर्केपछि यसो केही अध्ययन गरौं भनेर पुस्तक हातमा लिएर बसेको मात्र थिएँ, मेरी श्रीमती भुत्भुताउँदै कराउन थाली– "नामर्दको स्वास्नी हुनुभन्दा त मर्दको नोकर्नी हुनु नै जाति । नैतिकता र आदर्शताको पनि सीमा हुन्छ नि ! यस्तो खोको आदर्श बोकेर कति दिन बाँच्ने अनि बचाउँने हो हेरौं ल !"

मेरी श्रीमती र मेरो बीचमा सधैंजसो सानोतिनो कुराहरूमा पनि ठाक–ठाक, ठुकठुक परिरहन्छ । मेरो प्रत्येक कुरामा पनि ऊ मसँग रिसाउने गर्छे । मडारिएको कालो बादल झैं उसको अनुहारले मलाई सधैं एक किसिमको नमिठो एवं उदास अनुभूति दिइरहन्छ । मानौं उसलाई म देखि ठूलो रिस छ, घृणा छ । ऊ मलाई घूस र कमिशन खान भनेपछि पर सर्ने नामर्द, डरछेरुवा सम्झन्छे । उसले धेरै चोटी भनी सकि– "मर्दको पो आँट हुन्छ, हिम्मत, सम्पत्ति कमाउँछन् सुखी र आनन्दी जीवन बिताउन पाउँछन् । नामर्दको न त आँट, न हिम्मत, न सम्पत्ति क्यै न क्यै... ...।" छरछिमेकका केही घुस्याहा कर्मचारीहरूको नाम लिएर ऊ सधैं उनीहरूको तारिफ गर्छे, उनीहरूलाई एक शाहसी र मर्द पुरुषको पंक्तिमा राख्छे । मलाई नै छेड हानेर ऊ बारम्बार भन्ने गर्छे– "सुखसँग पाल्न नसक्ने सम्पत्ति जोर्न आँट नगर्ने हुतिहाराले किन बिहे गर्नु ? किन छोराछोरी जन्माउनु ? एक्लै भए त थोरैले पनि चैन गर्न पुग्छ नि ! फेरि त्यस्तालै त साधु बने पनि त भयो । सँगै जागिर खाएको एकै तहको कर्मचारी (शाखा अधिकृत) त हो नि रमेश काफ्ले पनि, ! हेर्नुस् त उनको कत्रो रवाफ छ ? मुण्डा घर कम्पाउण्ड सहितको बनाएका छन् खेतीपाती तराइमा प्रशस्त जोरिसके । उनको घरमा के चिज छैन ? भिडियो, डेक, क्यासेट, फ्रिज, दराज, सोफासेट, मोटरसाइकल सबै छन् । अझ अब उनी मोटरसाइकल बेचेर बेन्चकार किन्ने धूनमा छन् रे । छोरा छोरी (तीनै जना) लाई राम्रो बोर्डिङ्ग स्कूलमा पढाएका छन्, बढी शोखसँग राखेका छन् । घरमा काम गर्ने दुई–दुईजना नोकर–चाकर छन्, पराइकी श्रीमती कति भाग्यमानी ! आफ्नो त भाग्य नै खोटो के गर्नु .. ।"

मेरी श्रीमतीका यस्ता कुराहरू सुनेर मलाई ज्यादै नरमाइलो लाग्छ, म अवाक हुन्छु । धनसम्पति र विलाशिलाताको मुक्तभोगी छे ऊ । वास्तवमा मेरी श्रीमती सुखी, आनन्दी र बिलाशितामा मात्र जिउनुको सार्थकता प्राप्त गर्ने एउटी नारी हो भन्नुमा कुनै अत्युक्ति हुँदैन । यी सब कुराहरू ठीक होइनन् भन्ने कुरा सम्झाउने कोशिसमा मैले उसलाई धेरै पल्ट नभनेको पनि होइन । म सधैं भन्ने गर्छु– "सम्पत्तिबिना बाँच्न सकिनँ यो तथ्य हो तर आवश्यकता भन्दा बढी सम्पत्तिको चाहना गर्नु पनि त ठीक होइन । आफ्नो आवश्यकता

पूर्ति गर्ने सम्म सम्पत्ति भए त भैगो नि ! आफ्नो क्षमताभन्दा बाहिरको कुरा ताक्नु बुद्धिमानी होइन । फेरि घूस र कमिशनबाट कमाएको सम्पत्तिको चैन त क्षणिक जीवनलाई मात्र हो । कसैको चित्त दुखाएर आर्जन गरेको सम्पत्तिले त मानिसलाई पोल्छ पो । यस्तो धन्दाबाट कमाएको सम्पत्तिले जतिसुकै चैन गरे पनि एक न एक दिन सत्यको साम्‌ घुँडा टेक्नु पर्छ । असत्यको भविष्य अन्धकार हुन्छ । घुस खानु, ठग्नु भनेको असत्यको बाटो हिड्नु हो, त्यसैले यस्तो धन्दाको कल्पनालाई यथार्थतामा ढाल्न खोज्नु राम्रो कुरा होइन । हामी प्रत्येक व्यक्तिमा देश विकासको गहन जिम्मेवारी छ, घूसखोरी र कमिशनतन्त्रले त देश नै डुबाउँछ । गरीब झनै गरीबीले थिचिन्छन्, धनि झन धनि बन्दै जान्छन् । हो, अरूको सुख, आनन्द र विलाशी जीवन देख्दा आफूलाई पनि त्यस्तो चाहना बढ्नु मानिसको स्वभाविक गुण हो तर हामी भन्दा कमजोर आर्थिक स्थिति भएका तर स्वाभिमानमा माँचेका मानिसहरू पनि त छन्, त्यस्तालाई हेरेर पनि त चित्त बुझाउनु पर्छ । अर्काले हात्ति चढ्यो भनेर धुरी चढ्नु त भएन नि !"

मैले भनेका यी सब कुराहरूमा उसको कुनै ध्यानै छैन, ऊ वास्तै गर्दिन । मानवता, आदर्शता र नैतिकताका यस्ता कुराहरू त सिद्धान्तमा मात्रै पो हो व्यवहारमा यसको कुनै अर्थ छैन भन्ने उसको तर्क छ ।

आज शनिवारको दिन । बिहानै उठेर नुहाई, धुवाई गरेर म पशुपतितिर लागें । पशुपति दर्शन गरेर घर फर्कें । पशुपतिनाथको फूलटिका लगाइदिँदै मैले मेरी श्रीमतीलाई आज त बिदाको दिन हो । मन लाएर मिठो खाना पकाऊ है, आनन्दले हाँसी–हाँसी सँगै बसेर खाउँ मात्र के भनेको थिएँ । मेरो कुरा भूइँमा खस्न नपाउँदै उसको मिठो जवाफ आयो– "नमिठो खाएर पनि स्वाभिमानमा बाँचेका मानिस पनि त छन् नि ! त्यस्तालाई हेरेर चित्त बुझाए भैगो नि किन खानु मिठो मसिनो ?"

म पुनः अवाक भएँ, सानी, छोरी काखमा च्यापेर बाहिर आँगनमा केही नबोलीकन निस्के । ऊ फत्फताउँदै भान्छातिर लागी ।

प्रकाशितः वर्ष ५ पूर्णाङ्क १६

दायित्व साहित्य महोत्सव २०४९ मा द्वितीय

BEST WISHES FOR

Happy And Prosperous

New Year 2049

DRUZBA (P) LTD

G. S. A. Soviet Airlines

Tel. No. 2-12397 Kamaladi

Kathmandu Nepal

ख्याति जनताले फेरेको सास मात्र हो, जुन प्रायः अस्वस्थकारी हुन्छ ।

–रूसो

'आज,लाई समात र 'भोलि, माथि सकेसम्म थोरै विश्वास गर

–होरेस

आफैमा अल्झिएका विवशताहरू

धेरै दिनको थकाई मार्न आज उषा अफिस नगई घरैमा बसेकी छे । जिन्दगीलाई सुख दुःखको महासागरमा डुबुल्की मार्दै अघि बढाउने क्रममा छे ऊ । हुन त ऊ निम्न मध्यम वर्गीय परिवेशमा जन्म लिएर हुर्केकी, पहाडको हरियो वन चिसो हावा र पानीसँगै खेली डुलेकी ऊ । हेर्दा उसको चेहरामा कुनै अस्वाभाविकताका रेखाहरू देखिन्नन् । आज उसैको जिद्दीवाल स्वभावले काठमाडौं शहरमा आएर क्याम्पस पढन सफल भएकी छे । खाना खाइबरी रूमालले हात पुछ्दै ऊ भान्सा कोठाबाट विश्राम कोठा तर्फ लाग्छे, अनि सानो स्टुलमा बसेर उसले विना स्वीकृति अफिस नगई घरमा बसेकोमा भोलि हाकिम सामु के के स्पष्टीकरण दिनुपर्ने हो भोलि हुने हाकिमको सम्भावित प्रश्नहरूको उत्तर दिने 'रिहर्सल' गर्न थाल्छे । –'सर, ज्वरोले आउनै सकिनँ' अथवा– 'सर, घरायसी काम परेर आउन सकिनँ' अथवा कुनै त कुनै बहाना त हुनैपर्यो नत्र... हाकिमको सधैंको हाइ ब्लड–प्रेसरले रातो भएको अनुहार देखुपर्नेछ । रक्सीले मात्तिए जस्ता राता–राता आँखाहरूले तर्सनुपर्नेछ । भोलि हाकिमले पक्कै हपार्नेछ, कार्यालय नगएकोमा ।

बाहिर मुसलधारे पानी बर्सिरहेको छ । कोठामा उषा एल्लै बसी रहेकी छे । भोली हाकिमबाट हुने सम्भावित प्रश्नको उत्तर तयार भएको हुँदैन । भएको कुरा पत्याईदैन, सत्य हास्यास्पद भैदिन्छ । असत्य बोल्नुपर्छ । बहाना त जे बनाए पनि हुन्छ, तर बहाना भेटिदैन त्यहाँ । छट्पटीले के गरौं कसो गरौं हुन्छ उसलाई । बन्द भाँडा भित्र उम्लीरहन्छे ऊ । मुटुभरी उकुश–मुकुश भएको वेदनाले थकित भै विगतको जीवनलाई केलाउन थाल्छे ।

यतिका वर्ष बिताएर आज पनि पेट धान्ने साधन रोजीरोटी जुटाउन नसकेको उ सम्झन्छे । अनि सम्झन्छे– भावनाका कैयन बुंदा केलाउँदा केलाउँदै पनि केही उपलब्धी पाउन नसकेको । कसरी बिराना र पट्यारिला दिनहरू घडीका सुईसँगै घुमी रहेछन् । 'छोरी तिमीले डाक्टर बन्नुपर्छ' –बुबाको भनाईको सम्झनाले उसको हृदयमा भूकम्प ल्याइदिन्छ तर त्यो केवल शब्द मात्र भयो, उपदेश मात्र भयो, अनि रह्यो– उसको एउटा उच्च आकांक्षा । अर्थात् माताविहिन उषाले अकस्मात् हृदयगति बन्द भै प्राण त्याग गरेका बाबुको मृत शरीरलाई देखुपर्यो । उषा र दीपक संरक्षक विहीन भए ।

बाबुको इच्छा आफूबाट पूरा हुन नसक्ने देखेपछि जग्गा जमिनलाई बन्धकीमा राखेर केही पैसा जम्मा गरी भाईको साथ ऊ काठमाडौं आएकी हुन्छे । हुन त पहिले नै उषाले बी० ए० पास गरेकी थिई, अहिले एम० ए० को पढाई जारी राखेर भाईको पढाईमा पूर्ण दायित्व निर्वाह गरेकी हुन्छे । जसलाई पढाएर एक होनहार व्यक्ति बनाई बाबुको इच्छा पूरा गर्न सकियोस् । नोकरीको सिलसिलामा ऊ कति ठाउँमा घुमीन होली ! अनि को सँग मात्र बोलीन होली ! कति मात्र ठाउँमा परीक्षा दिइन होली ! तर लिखितमा नाम निस्के पनि सोर्स नभएकोले अन्तवार्तामा फेल हुनु पर्यो / कतिले

जागीर लगाईदिन्छु भनी खोको आश्वासन दिए त कतिले उसको बैशालु नयनमा मोहित भएर झुक्याउने प्रयास गरे । यसरी दिन बित्यो, अनि वर्ष ।

एकदिन उपाले बल्लतल्ल स-सानो जागीर खान पाएर जिउने आधार निकाली । शुरूमा त उसमाथि काम राम्रो भएन भनेर लान्छना लगाइयो तर थोरै समयमा नै लगन र मिहेनतले प्रशंशाकी पात्र हुन पुगी । तर किन हो कुन्नि नोकरीबाट सन्तुष्ट थिइन ऊ । मासिक आठ-नौ सय तलबबाट बिचरीले के-के गरोस् ! घर भाडा, भाइको फीस, अनि दैनिक उपभोगका महङ्गा सामग्रीहरू । तैंपनि हतोत्साही नभै जीवनरूपी गल्डचाङ-गुल्डुङ सडकमा गाडी गुडाईरही । यसैबीच हाकिमले एकदिन उसको अनुहारमा मुग्ध भएर दयाको अभयदान दिने प्रस्ताव राख्यो तर उसले हाकिमको भनाईलाई एउटा बलीको वेदी ठानेर अस्वीकृति जनाई । त्यसपछि उसमाथि हाकिमको व्यवहार कठोर हुँदैगयो, मानौं जङ्गली जनावरको क्रूर गर्जनजस्तो । तैंपनि मजबुरीका नाम महात्मा गान्धी भने झैं बाध्यता र विवशतावश जागीर खाइरही । हाकिमको गाली अनि सर्वैको त्यो मारामार एकदिन टिफिन टाइममा कर्त बाहिर गयो कि सीट छड्के, नि० से० नि० बमोजिम तपाईलाई कारवाही किन नगर्ने ! आदि चेतावनीपत्र पटक-पटक आउन थाले तर यी अभद्र क्रियाकलापलाई पनि उसले सहेरे बसी ।

भोलील्ट बिहान उसले हतार-हतारमा खाना खाई र छिटोछिटो पाईला चालेर अफिसतिर लागी । पुरै बाटोलाई छेक्ने गरी गाडिहरू कुदिरहेका हुन्छन् तर उसले भने प्रकृतिले दिएका दुई खुट्टालाई तीव्र गतिमा चालीरहेकी हुन्छे । यसरी दौडधूप गरेर अफिसको गेटमा ऊ पुगेकी हुन्छे- एकजनाको मुखबाट पन्ध्र मिनेट ढिलो भएकोले हाजिरकपीमा रातो अस लगाई सकिएको कुरा सुन्छे । उपा हैरान भएर कोठामा गै कुर्सीमा थचक्क बस्छे । उसलाई सुझबुझ केही रहँदैन । एकटक सारा जीवनका संघर्षहरूलाई क्यासेटको चक्का घुमे झैं मानसपटलमा सबै दृश्यहरू घुमाउन थाल्छे । उसको अन्तरात्माबाट अनेकौं आवाजहरू प्रत्येक नशा-नशा भएर सर्वाङ्ग ढाकी दिन्छन् । तातो रगतको आवेग सँगैसँगै उसका हातहरू मर्न थाल्छन्- राजीनामा पत्र लेख्न । केही समयभित्र राजीनामा पत्रलाई हाकिमको टेबुलमाथि राखेर ऊ बाहिरिन्छे । अनि त्यो दूषित र भतभती पोल्ने झूटो स्नेहको छहारीबाट पर-पर हुँदै टाढा... धेरै टाढा पुगेर नदिखेने भैंदिन्छे ।

प्रकाशितः वर्ष ४ अङ्क १३
दायित्व साहित्य महोत्सव २०४९ मा तृतीय

नव वर्ष २०४९ को पुनीत उपलक्ष्यमा

सम्पूर्ण नेपालीमा उज्ज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछौं ।

शाही औषधि लि०

नव वर्ष २०४९ को

सुखद उपलक्ष्यमा
समस्त देशवासीको सुख तथा समृद्धिको
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

साझा प्रकाशन परिवार
पुल्चोक, ललितपुर

दायित्व : दायित्व हो

* डा० तुलसी भट्टराई

'दायित्व' मानव जीवनको सबभन्दा गहन र जटिल विषय हो । 'दायित्व' आदर्श हो । व्यक्तित्वको परिचायक हो । मानिसमा यदि दायित्वबोध हुनसक्यो भने असल मान्छे बन्नसक्छ । मानिसको समाज, राष्ट्र, परिवार र स्वयंप्रति दायित्व हुन्छ । दायित्वहीन मानिस समाज–राष्ट्र त् के स्वयंका लागि पनि घातक हुन्छ ।

– यहाँ यस्तै एउटा 'दायित्व' बारे केही भन्नु–लेख्नु थियो । यो 'दायित्व' हो– साहित्यिक पत्रिका / सामयिक सङ्कलनका रूपमा शुरू भएर त्रैमासिक बन्न पुगेको दायित्व नियमित छ । यसले नेपाली साहित्यका विविध विधाहरू प्रकाशन गर्दै आएको छ । कथा, कविता, निबन्ध, समालोचना, संस्मरण, अन्तर्वार्ता, विचार एवं अन्य विविध पक्षका सामग्रीहरूले पारिवारिक डाइजेस्टकै स्वरूप बन्नपुगेको छ । दायित्वले दायित्व बोध गराउँदै जाने पक्का छ ।

– यहाँ चर्च्य विषय हो– निबन्ध–समालोचना विधा । निबन्धहरू विविध पक्षका छन् दायित्वभित्र । कथात्मक संस्मरणात्मक / यात्रा–निबन्ध / वस्तुपरक–भावपरक / विज्ञान विषयक र अन्य प्रकारका ।

– एकदर्जन भन्दाबढी समालोचनाहरू छन् । केहीलाई छोडेर सबै स्तरीय छन् । अरू रचना पनि राम्रा छन् ।

– निजीस्रोतबाट साहित्यिक पत्रिका यसरी निरन्तर चलाउनसक्नु साधारण कुरा होइन । यतिका उत्साह पत्रिका प्रकाशनतर्फ गौरवको विषय हो ।

– फणीन्द्रराज खेतालाको सूर्य दर्शन ज्यादै उत्कृष्ट रचना हो । बडो रमाइलो प्रस्तुति छ यसमा । भाषिक प्रयोग, शैली र अन्य विविध दृष्टिले राम्रो छ ।

– सहदेव उप्रेती 'विवस'को 'कवि व्यथितको साहित्यिक आदर्श,र'अनुसन्धानमा छिद्रान्वेषण'पनि चाखलाग्दो छ । 'चरिकोटसँग गाँसिएका दुई सम्झना' रामप्रसाद पन्त–को सम्झना भए पनि पाठक प्रत्येकले आफ्नै सम्झना ठान्नसक्छ । दाहाल यज्ञनिधिको 'कवि भूपी बारेमा एक चिठी' पठनीय छ ।

– 'महाकवि निराला : व्यक्ति र कृतित्व' मा रामप्रसाद शर्मा मौलिकता भर्न सफल छन् ।

इन्द्रकुमार श्रेष्ठले 'अश्लिल कविता' बारे लेखिदिएर कविहरूलाई (बुझ्नेलाई, बुझ पचाउनेलाई होइन) सचेत पारेका छन् ।

यसरी सरसर्ती हेर्दा दायित्व भित्रका निबन्ध एवं समालोचना, रचनाहरू स्तरीय एवं उपयुक्त छन् ।

– १५ अङ्कमा सरदर प्रतिअङ्क तीन भन्दा बढी करीब आधा सय – निबन्ध–समालोचना छापिनु कम होइन ।

गोपीकृष्ण शर्मा, ठाकुर शर्मा, राम प्रसाद शर्मा फणीन्द्रराज खेताला, डा० मथुरा के० सी०, अच्युतरमण अधिकारी, मधुवन पौडेल, प्रतीक डकाल, इन्द्रकुमार श्रेष्ठ, रामप्रसाद पन्त– जस्ता नाम चलेकै रचनाकारहरू छन् । पत्रिकाको स्तर उत्तमतातिर जाँदैछ ।

दायित्व सामयिक–पछि त्रैमासिक– १–१५ अङ्कमा प्रकाशित करीब आधासय जति रचनाहरू–(लेख, निबन्ध–समालोचना मात्र) सरसर्ती हेरी मूल्याङ्कन गर्दा सबै राम्राहरूमध्ये यतिलाई छान्न करलाग्यो :

१. महाकवि निरौला : व्यक्तित्व र कृतित्व
२. विदाको दिन
३. महाकवि देवकोटा र उनको मुनामदन

भारतीय–साहित्य

महाकवि निराला–व्यक्तित्व र कृतित्व

भूमिका– आधुनिक हिन्दी काव्यमा महाकवि सूर्यकान्त त्रिपाठी 'निराला' को विशिष्ट स्थान छ। आफ्नैपनमा निर्मित 'निराला' को व्यक्तित्व हिन्दी साहित्यमा नै एउटा नयाँ आयाम थपेको प्रतीत हुन्छ। प्रत्यक्ष वा अप्रत्यक्ष व्यवधानहरूलाई आफ्नै स्वभावजन्य निरालापनद्वारा आत्मसात् गरी आफ्नो लक्ष्य–पूर्तिमा अगाडि बढेका हुनाले नै समर्थक वा आलोचक दुवैका दृष्टिमा यिनी श्रद्धेय भएका छन्।

पृष्ठभूमि– हिन्दी साहित्यको ऐतिहासिक परम्परा युग नयुग एकहजार वर्ष पुरानो छ। सच्चा साहित्यकारले आफ्नो काव्य–कृतिको माध्यमबाट तत्कालीन युग वा समाजको यथातथ्य सिङ्गो रूपलाई प्रस्तुत गरेको हुन्छ। वस्तुतः कवि वा साहित्यकार त्यस युग र समाजकै इकाई हुन्छन्। वीरगाथाकाल, भक्तिकाल, रीतिकालका घुम्तीहरूलाई पार गर्दै हिन्दी साहित्यले उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर आधुनिकतामा प्रवेश गर्छ। वीरगाथाकालीन साहित्यले अन्तिम चरणतिर भक्तिभावको आभास दिएको हुन्छ, त्यस्तै भक्तिकालीन साहित्यको केन्द्रीय पक्ष पारलौकिक रहे पनि युग समाप्तितिर शृङ्गारी भावधारा (रीतिकालीन प्रवृत्ति) को आंशिक आभास व्यक्त गर्दछ। हिन्दी साहित्यमा रीतिकालीन साहित्यले दरबारियापनको भावधारालाई प्रतिबिम्बित गरेको छ।

आधुनिककाल– हिन्दी साहित्यमा आधुनिककालको थालनी मुख्यतः भारतेन्दुकालीन साहित्यबाट प्रारम्भ हुन्छ। भाव, कला, विषयको सुपरिमार्जन एवं व्यापकता नै आधुनिक साहित्य हो र हिन्दी साहित्यको आधुनिककाल नै आधुनिक भारतको निर्मिती हो। कुनैपनि साहित्यको मूल्याङ्कन गर्दा तात्कालीन परिस्थिति–राजनीतिक, सामाजिक, आर्थिक एवं साहित्यिक परिवेशमा नै आलोकन गर्नुपर्ने हुन्छ; यसो गर्दा साहित्य र साहित्यकार प्रति अन्याय हुँदैन। आधुनिक हिन्दी साहित्यको सन्दर्भमा– प्रथम र द्वितीय विश्वयुद्धको चपेटा, अंग्रेजहरूको विरुद्धमा विद्रोहात्मक भावना, गान्धीजीको सबल नेतृत्व, धार्मिक र सामाजिक संस्था र यसका अग्रणीहरूले धार्मिक सामाजिक सुधारका लागि खेलेको महत्वपूर्ण भूमिका जसले गर्दा समग्र भारतीयहरूको मानसमा एकता र देशप्रेमको भित्ती निर्माण भएको हो। यिनै परिवेशमा साहित्यले आफ्नो बान्कीमा परिवर्तन गर्छ, जनताको सुखदुखको अभिव्यक्तिको माध्यम बन्छ, विश्व साहित्यसँग मितेरी लाउँछ, भाव–भाषा–शैली सबै पक्षमा परिवर्तन हुन्छ। गद्य साहित्यका विकासका साथ साथै खडी बोली एवं जनबोलीद्वारा जन–भावनाको मूक ध्वनि प्रस्फुटित हुन्छ। आधुनिक हिन्दी साहित्यमा भारतेन्दुकालीन, द्विवेदीकालीन र छायावादकालीन (स्वच्छन्दतावादी) साहित्यको ठूलो भूमिका छ। क्रमशः यी परिष्कार एवं प्रौढताका खुड्किलाहरू हुन्।

निराला– छायावादी साहित्यका प्रमुख स्तम्भ पन्त–प्रसाद–निराला हुन्, यसमा पनि निरालाको व्यक्तित्व

आफ्नैपनको छ । समीक्षकहरूले छायावादी काव्य–जगत्–मा 'प्रसाद'लाई ब्रह्मा, 'पन्त'लाई विष्णु र 'निराला'लाई शिव शङ्करको रूपमा प्रतिष्ठापित गरेका छन् र यिनी-हरूलाई 'बृहत्त्रयी' पनि भनिन्छ । हिन्दी साहित्यमा 'निराला' शान्ति र क्रान्तिका मूर्तरूप जस्ता देखिन्छन् । महाकवि सूर्यकान्त त्रिपाठी 'निराला ले (सन् १९१६–१९६१) लगभग ४५ वर्षसम्म काव्य–साधना गरेका छन्, यही साधनाले नै उनी अमर भएका हुन् ।

व्यक्तित्व– बङ्गालको जन्म–भूमि र उत्तर प्रदेशको कर्म–भूमि भएका 'निराला'ले सानै उमेरदेखि नै कविता देवीको आराधना गर्दछन् । तीन वर्षको उमेरमा नै मातृ–ममताबाट वञ्चित, बैंसालु जीवनमा नै पत्नी–स्नेहबाट दुर्दमनीय वियोग, पुरुष व्यक्तित्वका मूर्ति–पिताको निर्मम ताडना र सामकालीन साहित्यकारहरूबाट उपेक्षाभाव यी तमाम कारणहरूले 'निराला'को हृदयमा विद्रोहको भाव जमेको थियो भने तात्कालीक परिस्थितिजन्य परिणामले समाजका उपेक्षित वर्गप्रति वस्तुगत रूपमै दयालुपनका मूर्ति पनि देखिए । यिनै परिवेशले 'निराला'को व्यक्तित्व सिर्जित भएको देखिन्छ । यिनले अद्वैततालाई केवल आध्यात्मिक दर्शनमा मात्र निहालेनन् अपितु यसलाई सामाजिक, आर्थिक, सांस्कृतिक ढाँचामा पनि ढाल्ने प्रयास गरे, परिणामतः यसको निचोड मानवतावादी दर्शन अर्थात्– राजा–रङ्क, ब्राह्मण–चमार सबै अद्वैत हुन् भन्ने अन्तर्निहीत भावना थियो ।

प्रभाव र काव्ययात्रा– निरालाको कोमल हृदयमा रवीन्द्रनाथ ठाकुरको रचनाले निकै प्रभाव पारेको थियो; यसैको प्रतिफल सिकारू अवस्थाका कविताहरू बङ्गाली भाषामा पाइन्छन् 'निराला'कै आत्मोक्ति अनुसार यिनको खास काव्ययात्रा सन् १९१६ मा रचित 'जुही'की कली' नामक कविताबाट प्रारम्भ हुन्छ । साहित्य र स्रष्टाका सम्मानका लागि 'निराला'ले ठूलो संघर्ष गर्नुपर्‍यो । राजनीतिले साहित्यलाई घटाटोप गर्न हुँदैन, राजनीति भन्दा साहित्य धेरै विशाल र उच्च छ; यसले मनुष्य भित्रको हित वा कल्याण गर्ने भावना राख्दछ भन्दै महात्मा गान्धी, नेहरू आदिसँग पनि यस विषयमा बकालत गर्दथे ।

आन्दोलनकी सूत्रपात– निरालाले तत्कालीन काव्य-धारामा एउटा नयाँ क्रान्ति ल्याउने अठोट गरे, जसमा खडीबोलीलाई काव्योचित गरिमा प्रदान गर्नु र मुक्त छन्द एवं मुक्त गीतद्वारा शैलीगत नयाँ आयाम थाल्नु मुख्य हुन्; परन्तु तात्कालीन साहित्यिक जमातका लागि यो नवीन मान्यता सह्य भएन । त्यस बेलाका प्रसिद्ध कवि महावीर प्रसाद द्विवेदी 'सरस्वती' साहित्यिक पत्रिकाका सम्पादक थिए । निरालाले आफ्नो सर्वप्रथम कृति 'जुहीकी कली' सरस्वतीमा प्रकाशनार्थ पठाएका थिए परन्तु असन्तुलन छन्दको आरोपमा फिर्ता भयो । त्यस-बेला परम्परागत शास्त्रीय शैली र नयाँ उन्मुक्त शैलीको बीचमा द्वन्द्वता थियो । नयाँ मूल्यको स्थापनामा धेरै व्यवधानहरू आउनु नैसर्गिक थियो । यसको प्रतिक्रिया स्वरूप निराला अझ बढी सक्रिय हुन्छन् । त्यसबेलासम्म यिनी सूर्य कुमार तेवारीका रूपमा थिए । एक पक्षले उपेक्षा गरेपनि अर्को पक्षले त्यस नयाँ मान्यताको शिरोपर गर्छ, यही मान्यता अनुसार निरालालाई पनि महादेव प्रसाद सेठले हार्दिक सहयोग गर्छन् । सेठजी 'मतवाला' पत्रिकाका सम्पादक थिए । यही पत्रिकाको माध्यमबाटै निरालाले आफ्नो भाषा एवं शैलीको आन्दोलनलाई तीव्र पारे । साहित्यिक नाम राख्ने मोहले 'मतवाला'को अनु-प्रास साम्य 'निराला' सूर्यकान्त त्रिपाठी 'निराला'ले आफ्नो साहित्यिक नामको आफैले स्वीकार गरे । केही समय 'समन्वय' पत्रिकाको सम्पादन कार्यमा जुटे, परन्तु

उन्मुक्त भावना र सिद्धान्तका पक्षधर हुनाले निर्बाध रूपमा काव्योपासनामा तल्लीन रहे ।

काव्ययात्राका विभिन्न चरणहरू– निरालाको प्रतिभा र काव्यक्षेत्र बहुआयामिक छ तापनि यिनको काव्य–यात्राका चरणहरूलाई क्रमिक विकासमा रूपमा निम्नानुसार विभाजन गर्न सकिन्छ ।

(क) विद्रोही व्यक्तित्व वा स्वच्छन्दतावादी (छायावादी) काव्यहरू

(ख) यथार्थवादी गद्य साहित्य

(ग) गीति रचना

छायावाद– आधुनिक हिन्दी साहित्यमा छायावादी साहित्य (स्वच्छन्दतावादको उत्कर्षता) एक प्रकारको आन्दोलन हो । यस आन्दोलनका प्रमुख व्यक्तिहरू पन्त–प्रसाद–निराल तीनजना भएपनि आन्दोलन सञ्चालनमा जुन बाधा–व्यवधान, मान–सम्मान आदि खेप्नुपर्छ त्यो जति 'निराला'ले भोग्नु बेहोर्नु पर्‍यो त्यत्ति अरूलाई परेन । छायावादबारे जति ध्वंसात्मक आलोचना भयो त्यत्ति नै प्रशंसात्मक गुणगान पनि ।

अंग्रेजी साहित्यमा अठारौं शताब्दीतिर शास्त्रीय काव्यधाराको विरोधमा– वैयक्तिकता, सूक्ष्मता, गीतात्मकता, प्रकृति प्रेम, रहस्यात्मकता, मानवता आदिका पक्षमा स्वच्छन्द रूपले अभिव्यक्ति प्रकट गर्ने जमर्कोका साथ जुन विद्रोही प्रतिधारा काव्यमा चलेको थियो त्यही नै **Romanticism** (स्वच्छन्दतावादी धारा) हो । हिन्दी साहित्यमा परिवेश र भाव मुहाउँदो बनाएर जुन प्रकारले प्रस्तुत गरियो त्यही नै हिन्दुस्तानी छायावादी आन्दोलन थियो । काव्य–जगत्मा प्रतीकात्मक शैली, लाक्षणिक एवं आलंकारिक प्रयोगलाई छायावादी साहित्यले मुख्य रूपमा आपनो अभिव्यक्तिको माध्यम बनायो । प्रतीकात्मक रहस्य एवं अध्यात्मवादी, रूढी एवं थोत्रो नैतिकताको विद्रोहजन्य आवाज मात्र हो भन्ने धुप्रै आलोचना छायावादीहरूले सहनु परे पनि यसलाई एउटा समसामयिक महत्त्वपूर्ण साहित्यिक आन्दोलन हो भनेर स्वीकार गर्नै पर्दछ । यसै क्रममा निरालाको 'परिमल' कविता संग्रहलाई छायावादको प्रतिनिधिमूलक कृति ठानिन्छ ।

कृतित्व– यिनका पद्यात्मक कृतिहरूका आकारका सन्दर्भमा २ पंक्तिका फुटकर कवितादेखि महाकाव्योचित गरिमालाई बोकेका प्रबन्धात्मक काव्यसम्म छन् । लोभ, लालच, दम्भ, इर्ष्याबाट माथि उठेका निरालाले स्वार्थसिद्धका लागि कहिले पनि हात पसारेनन्, उनको अहम्ताको शिर जहिले पनि ठाडो नै रह्यो । आफ्नो जीवनमा भोगेका घटनाक्रमबाटै काव्यको विषयवस्तु सिर्जेका छन् । कुल्लीभाट, सुकुलकी बीबी, चतुरी चमार, सरोज स्मृति, कुकुर भुत्ता, बिल्लेसुर बकरिहा, आदि यसका ज्वलन्त उदाहरण हुन् ।

विषयका दृष्टिबाट निरालाका– आर्य चिन्तन, राष्ट्रप्रेम, सामाजिक विषमता, राजनीतिक दाउपेच, प्राकृतिक चेत, दार्शनिक भाव, आदि पक्षहरू प्रस्तुत गरिएका महत्वपूर्ण कृति छन् ।

विधागत रूपमा– निरालाका कृतिहरू काव्य, उपन्यास, कथा, रेखाचित्र, निबन्ध, समालोचना, जीवनी, भाषा एवम् अनूदित साहित्यहरू पर्दछन् ।

काव्यमा– 'अनामिका (प्रथम) प्रकाशनका दृष्टिले प्रथम कविता संग्रह भएतापनि यो अनुपलब्ध छ र यसका प्रायः सबै कविताहरू अन्य संग्रहहरूमा प्रकाशित भएका छन् । निरालाकै आत्मोक्ति र र रचना–कालका दृष्टिले पनि 'परिमल' पहिलो रचना हो । यसमा निरालाले छन्दोबद्ध, मुक्त छन्द, स्वच्छन्द र प्रगीतहरूको सृष्टि गरेका छन् । यस संग्रहबाटै काव्यमा भाव र शिल्पगत

विद्रोहको थालनी गर्दछन् । 'जुहीकी कली' निरालाको प्रथम कविता यही संग्रह भित्र पर्दछ ।

स्वरहरू– जिनका काव्य–रचनामा पाइने स्वरहरूका सन्दर्भमा रहस्य र आध्यात्मिकता पहिलो स्वर हो । स्वामी रामकृष्ण परमहंस र स्वामी विवेकानन्दको अद्वैत-वादी दर्शनले निरालालाई ठूलो प्रभाव पारेको थियो । 'परिमल' कविता संग्रह भित्रका जुहीकी कली, तुम और मैं सन्ध्या सुन्दरी, अधिवास, बादल राग आदि राम्रा उदाहरणीय कृति हुन् । काव्ययात्राको क्रमिक विकासको सन्दर्भमा 'गीतिका' दोस्रो कविता र गीत रचनाको संगालो हो । यसमा प्रेम र सौन्दर्यका स्वर लहरीहरू फुटेका छन् । सखी बसन्त आया, दृगोंकी कलियाँ नवल खुली, मौन रही हार प्रियाके प्रति, जस्ता कृतिहरूले असरिरी प्रेम र दिव्य सौन्दर्य बारेमा सरसयाणी दिएका छन् । 'अनामिका' (द्वितीय) ज्यादै महत्वपूर्ण काव्यकृति हो यसमा 'रामकी शक्ति पूजा' आख्यानमूलक प्रबन्धात्मक काव्य पनि संग्रहित छ । प्रभावपूर्ण शैली, नाटकीय विशेषता, चारित्रिक उदात्तता, उद्देश्यमूलक, आख्यानात्मक कथावस्तु आदि विशेषताले गर्दा 'रामकी शक्तिपूजा' महाकाव्यको रूपमा प्रख्यात छ ।

यसरी नै 'तुलसीदास', कुकुर भुक्ता, बेला, नये पत्ते, अपरा, कविश्री, महत्वपूर्ण प्रकाशित काव्य कृति हुन् । परिमल, गीतिका, अणिमा, अर्चना, आराधना, गीतपुञ्ज चाहि गीतरचना र कविताका संगाला हुन् । 'सांध्य-काकली' मरणोपरान्त प्रकाशित कृति हो । यी सम्पूर्ण काव्यकृतिहरूमा सामाजिक विसंगति माथि व्यंग्य, शाश्वत मूल्य प्रति श्रद्धा, समाजका उपेक्षितवर्गहरूमाथि सहानुभूति व्यक्त गर्नुका साथै केन्द्रीय स्वरका रूपमा करुणा र मानवतावादी भावना तीव्रतर रूपमा रहेको देखिन्छ । काव्य जीवनको प्रतिस्थापनदेखि जीवनको अवसानसम्म निराला काव्य लेखन कार्यमा प्रवृत्त भई नै रहे ।

जसरी पद्यमा निराला सशक्त थिए, त्यस्तै गद्य–विधाका प्रायः सबैजसो फाँटमा पनि उत्तिकै सक्रिय थिए ।

उपन्यास र कथाका फाँटमा आएर निरालाले प्रवृत्तिगत हलुका कोल्टो फेर्छन् । विशेषतः यस फाँटमा निरालाको यथार्थवादी स्वर टङ्कारो रूपमा देखा पर्छ । उपन्यासमा– अप्सरा, अलका, प्रभावती, निरुपमा, मुख्य हुन् । चोटीकी पकड, काले कारना चमेली, अधूरा उपन्यास हुन् । प्रतिमाको उद्दाम चरणमा निरालाको मानसिकता खज्मजिन्छ, जसले गर्दा यी अधूरा उपन्यास विशृङ्खलपूर्ण छन् । अनन्त कल्पना र चिन्तनका धनी-हरूले आत्माभिव्यक्तिको बेगलाई समुचा रूपमा ओकल्न नसक्दा उनीहरूको मन–मस्तिष्क असन्तुलित हुन्छ, यस्तो रोगी अवस्थालाई अरूले पागल साहित्यकारको संज्ञा दिन्छन्, यही रोग निरालालाई पनि लागेको थियो ।

यी उपन्यासहरूमा ग्रामीण जीवनको सरल सामाजिक वातावरण, ठूलाबडाको नीरिहमाथि अत्याचार, शोषकको यथार्थ चित्रण, नारी उत्थान, मानसिक द्वन्द्व, आदि विविध पक्षहरूलाई यथार्थ रूपमा पेश गरिएको छ । औपन्यासिक तत्वका हिसाबले पनि यी परिपुष्ट छन् ।

कथा (कहानी)का क्षेत्रमा– लीली, सुकुलकी बीबी, चतुरी चमार, सखी, देवी, समेत जम्मा पाँच कहानी संग्रह प्रकाशित छन् । यी संग्रहहरूमा सामाजिक यथार्थता बोकेका घटना प्रधान कथाहरूले विधवा विवाह, अछूत समस्या, राजनीतिक दाउपेच, स्थूल र सूक्ष्म प्रेमका आख्यानहरू आदि पक्षको राम्रो प्रस्तुती गरेका छन् । कथा विधामा अनुभूति पक्ष भन्दा अभिव्यक्ति पक्ष शिथिल देखिन्छ । यिनीहरूमा सर्वोत्कृष्ट कथा संग्रह 'चतुरी चमार' हो ।

नितान्त यथार्थवादी चित्र 'कुल्लीभाट' र 'बिल्लेसुर बकरिहा' मा प्रस्तुत भएकाले समीक्षकहरूले यी दुई उपन्यासलाई रेखा चित्रका फाँटमा राखेका छन्; परन्तु औपन्यासिक तत्वले परिपुष्ट यी अति यथार्थवादी उपन्यास नै हुन् । सामाजिक अन्धो परम्परा ग्रामीण जीवनको यथार्थ रूपलाई अति सुन्दर व्यंग्यात्मक शैलीमा निरालाले प्रस्तुत गरेका छन् ।

निबन्धका क्षेत्रमा– 'प्रबन्ध पद्म' र 'प्रबन्ध प्रतिमा' विचारात्मक साहित्यिक निबन्ध भएको 'प्रबन्ध' भनी नामाकरण गरेका हुन सक्छन् । यसका विषय र शीर्षकहरूले पनि आत्मपरकतालाई भन्दा वस्तुपरकतालाई बढी प्रतिबिम्बित गर्छन् । 'चयन' विषय र शैलीका दृष्टिले निबन्ध भन्न मुहाउँदो छ । 'पन्त और पल्लव', 'चाबुक', 'रवीन्द्र कविता कानन' यी समीक्षात्मक लेखहरू हुन् ।

जीवनीका क्षेत्रमा– भक्त ध्रुव, भक्त प्रह्लाद, भीष्म, महाराणा प्रताप, पारिव्राजक आदि हुन् । यिनीहरूका जीवनीले भारतीयहरूलाई सामाजिक आदर्श र कर्तव्य बोधको झलक देखाउने चेष्टा गरेका छन ।

यसरी निरालाले भाषा, व्याकरणका अतिरिक्त अनूदित साहित्यद्वारा पनि हिन्दी साहित्यको निःस्वार्थ सेवा गरेका छन् । यिनका असंख्य कृतिहरू अलपत्र भए, कतिपय रचना अझसम्म पनि अप्रकाशित नै छन् ।

गीतकार निराला– गीतात्मकता छायावादीहरूको महत्वपूर्ण पक्ष हो । यो नितान्त वैयक्तिक हुन्छ । हार्दिक कोमलताको वास्तविक रूप गीति रचनामा पाइन्छ । भित्र भित्रै अनुभूति पग्लिएर सरल भन्दा सरल भाषामा गीत निःसृत हुन्छ । अर्थात्–गीति रचना भनेको कोमल भावना, सरस अभिव्यक्ति र सुमधुर संगीतको समन्वित रूप हो । यसमा लयानुपन हुन्छ । बौद्धिकताको कसरतबाट गीत टप्किंदैन । गीति–रचनाको मर्म छिचोल्न पनि त्यसलाई हृदयालु हुनुपर्छ अनी मात्र गीति–सरोवरमा डुबुल्की मार्न सकिन्छ । गीति रचना अन्तर्मुखी हुने हुनाले पाठकको अन्तर्मन स्पन्दन गराई सम्वेदनशील तुल्याई दिन्छ ।

'निराला' गीति रचनाका क्षेत्रमा अझ बढी पग्लिन सफल भएका छन् । आधुनिक साहित्यमा गीति–रचनाले महत्वपूर्ण स्थान ओगटेको छ । यो निरालाको नै मुख्य समर्पण हो ।

परिमल, गीतिका, अनामिका, अणिमा, अर्चना, आराधना, गीतगुञ्ज, कविता संग्रहका धेरै कविताहरू गीतात्मक छन् । निरालाका कविताहरू वर्ण–वृत्त हुन्छन् भने गीतहरू मात्रावृत्त । यिनका गीति–रचनाहरूले निम्न विषयहरूलाई स्पर्श गरेका छन्– प्रेम वा रहस्य, राष्ट्रियता, शोक, सम्बोधन र व्यङ्ग्य ।

गीतिकामा पाइने गीतहरू प्रेम वा रहस्यात्मक छन्, यसमा निराला अलौकिक परमसत्ताका प्रेमी बनेका छन् । 'जागो फिर एक बार', भारती जय विजय करे', 'वर दे वीणा वादिनी' र 'सरस्वती वन्दना' जस्ता रचनाहरू राष्ट्रियतापूर्ण गीति रचना हुन् । शोक गीतलाई पश्चिमी साहित्यमा **Elegy** भनिन्छ । यसमा 'सरोज–स्मृति' पुत्री वियोगजन्य सन्तापले सिर्जिएको अत्यन्त किसिमको गीति रचना हो यो 'अनामिका' (द्वितीय) मा सङ्कलित छ । यमुनाके प्रति, भिक्षुक, सन्ध्या सुन्दरी, खण्डहरके प्रति आदि संबोधन गीति हुन्, जसलाई अंग्रेजीमा **Ode** भनिन्छ जो 'परिमल' र 'अनामिका' मा संग्रहित छन् ।

यसरी निरालाका गीति रचनाले विषय एवं शैलीगत वैविध्यतालाई अंगालेका छन् ।

मूल्याङ्कन र उपसंहार– बहिर्मुखी व्यक्तित्वमा जसरी निराला फक्कड, कठोर र वेपर्वाह देखिन्छन् त्यत्तिकै अन्तर्मुखी व्यक्तित्वमा अत्यन्त सहृदयी, उदारमनका र सुकोमल भावनाका धनी देखिन्छन् । आफ्ना कार्यकालमा निरालाले जे जति दुःख कष्ट बेहोर्नुपर्‍यो त्यस मथाइबाट निकिएका अनुपम कृतिहरूले आधुनिक हिन्दी साहित्य गौरवान्वित छ । डा. राम विलास शर्माको 'साहित्य साधना' (भाग १, २, ३) ले र निरालाका आत्मज रामकृष्ण त्रिपाठीको सम्पादनमा प्रकाशित 'निराला रचनावली' ८ खण्डले निरालाको वास्तविक मूल्यलाई उजागर गराई दिएको छ । 'निराला' निरालाको युगपछि मात्रै सबैका श्रद्धेय भए । आखिरमा व्यक्तिको महत्ता उसको अवसान पछि नै हुन्छ । अस्तु ।

प्रकाशित: वर्ष ३ पूर्णाङ्क १०

दायित्व साहित्य महोत्सव २०४९ मा प्रथम ।

बिदाको दिन

कति उराठलाग्दो लागेर आएको होला आज ! बिहान मुख धोएर बसेर्, अहिलेसम्म चल्न पनि मन लागेको छैन । मन पनि कुनै कुरामा केन्द्रित गराउन सकेको छैन । केटाकेटीहरू उठीबरी आ–आपना धूनमा लागिसकेका छन् । शायद आज बिहानैदेखि टेलिभिजन आउँछ क्यारे ! त्यसैले त होला म बरण्डामा एक्लै घोलेर बसेको देखेर पनि उनीहरू मसँग चल्न खेल्न आएका छैनन् । उनीहरूकी आमाचाहीं पनि आफ्नै पाठ-पूजा र भान्साको तरखरमा होली ।

बिदा भयो र कतै गइन वा केही खास काम भएन कि मलाई यस्तै हुन्छ । जान पनि कहाँ जाने ? आफू जसकहाँ जान खोज्यो, ऊ हुँदैन, सँधै व्यस्त रहन्छ । अन्त जाउँ–सधैं एउटा कुरा पहिले शिष्टाचारका अनि यत उतिका कुरा ।

पढ्न पनि–कहिल्यै दत्तचित्त भएर एकै ठाउँमा पलेटी कस्न सकेको छैन । आफ्नै घरमा १८ घण्टा पढेर बस्ने दाज्यू पनि छन्, एकै घण्टा पनि नपढ्ने भाइ र बहिनीहरू पनि छन् । सबैको प्रकृति एउटै कहाँ हुन्छ र ? सबैको लक्ष्य पनि एउटै नहुने रहेछ । एक जना मान्यजन भन्ने गर्थे– हेर भाइ, हामी स्कूलमा पढ्दा र म्याट्रिक पास गर्दा कति हजार दौतरी भए होलान् । अहिले को कहाँ छन् कति जनाले त्यहाँबाट माथि जान मन गरेनन् वा सकेनन्, कति माथि गए, कति तल झरे लेखा जोखा गरेर पनि साध्य छ र ! उनको कुरा मलाई चित्त बुझ्छ । उनी भन्छन् आ–आफ्नो भाग्यमा जे लेखेर आएको छ त्यही हुन्छ रे ।

म भाग्यमा विश्वास त गर्दिन । तर सबैले मलाई भने भाग्यले साथ दिएको छ भन्छन् रे ! आश्चर्य, म र भाग्य ! मलाई त भाग्यले ठगेको पो लाग्छ ।

केटाकेटीमै बाबु आमाबाट टाढा बसें । आफ्नै किसिमको मनपरी गरेर मनपरी ठाउँमा गएँ, मनपरी साथी पनि बनाएँ । कति वर्ष एकतर्फी प्रेम मनभित्र लुकाएर आफ्नै साथीलाई पनि झुक्याएँ । अनि अरूले आफूप्रति एकतर्फी प्रेम गरेको थाहा पाएर पनि बुझ पचाएरै बसें ।

मेरो जीवनमा जति महत्वपूर्ण घटना घटेका छन्, ती सब अनायास घटेका छन् । मलाई जबर्जस्ती क्लास चढाएर स्कूलमा भर्ना गरिएको थियो । तर नपत्याउँदा नपत्याउँदै मैले ओठ निचोर्दा दूध निस्कने बेलामा नै स्कूलसँग बिदा लिएँ । अनि बिहे । बिहे पनि त एउटा संयोग थियो । तर मेरो लागि बिजोग थियो । ट्यूसन-बाट २–४ पैसा आम्दानी अनि घरपेटीका छोरीहरूसँग लुकिछिपी प्रेम, आफ्नै कमाइले अलि ठाँटबाट देखाउन पाएको समयमा मेरा बाबुलाई आफ्नो इज्जत राख्न, नाक ठाडो पार्न बिहे नगरी भएनछ ! अनि बिहे भयो ।

अब त पन्ध्र वर्ष बितिसकेका छन् । समय बित्न पनि कति गाह्रारो छ र ! भोली पसि आफै बितिन्छ भरू त के ! अहिले लाडिएर बोल्ने मेरो कान्छो छोरो पनि

शायद पछि यस्तै घोस्लिएर बस्ने होला । भोली घर फर्के-पछि ऊ थाहा पाउँछ– कति कृत्रिममा उसको चार वर्षको बाल्यकाल बितेछ ! राम्रो घर आफ्नै मोटर, राम्रो स्कूलमा शिक्षादीक्षा यी सब क्षणिक हुन् भन्ने विचरालाई थाहा छैन ।

बाहिर मूल ढोकामा घण्टी बज्छ । मेरो साथी आइ-पुगेछ । म अलि हलुका अनुभव गर्छु– पुराना कुरा गर्न पाइन्छ, अनि नचाहिंदा प्रसङ्ग झिकेर पनि श्रीमतीहरू-लाई जिस्काउन पाइन्छ भनेर । साँच्चि नै हामी दुवै जना त्यसैमा रमाएर बसेका छौं । आफ्नो काममा गोरु जोतिए झैं जोतिएर कुनै एक ठाउँमा भेट्छौं अनि फलानो त निकै रसिक छ, हाम्रो चाहीं कुरा मात्रै भयो हगि ? भन्दै रक्सी घोक्छौं । यसैगरी एकपछि अर्को गर्दै शुक्रबार आउँछ जान्छ । शायद यसैगरी हाम्रो बुढेसकाल पनि नजीक हुँदैछ ।

विदेशमा बस्दा आफ्ना कति काम बितिसके जस्तो मलाई लाग्छ । तर म घरैमा भए पनि केही पनि लछार्ने थिइन । आफूलाई सन्तुष्ट पार्न हामी एक एक वटा बिङ्गा गर्दै गर्छौं नै ! पोहोर विदेशमै एउटी पुरानी साथी भेटेको थिएँ– लोग्नेसँग झगडा गरेर छुट्टिएकी । उसले पनि विदेश परेर धेरै कटु अनुभव गरेकी रहिछ । लोग्नेबाट मार खाएर आएकी बिचरीलाई बिदेशमा नयाँ साथीहरूले आफ्नो व्याग समेत बोकेर हिंड्ने गर्थे रे ! तर एक रात सँगै सुतेर गएपछि पनि कुनैले आफ्नोपन देखाएनन् रे । एक, दुई, तीन, चार, पाँच अनि छ जना-सँग यस्तै अनुभव भएपछि ऊ दिक्क भइ रे ! कस्तो यन्त्रवत मानव हृदय लिएर आएका होलान् तिनीहरूले भन्थी । हुन त म पनि भोली उसलाई उसले खोजेको माया दिन सक्दिन, तर मलाई उसले त्यस्तो ठान्दिन रे ! अहिले त अर्को ठाउँमा पुगिसकी रे !

मेरो मौनतालाई भङ्ग गर्दै मेरो साथी पड्किन्छ, "ए ! तिमी त गजब छौ वा ! दिनभर एक्लै बस्ने पनि काइदा हो र ? हिंड एकातिर जाउँ सबै भन्टाङ भुन्टुङ बोकेर । मेरो साथीले मलाई झम्टिन्छ ।

"अँ त जाउँ" म जुरुक्क उठ्छु ।

हामी दिनभर यताउति घुम्छौं– पार्क, चिडियाखाना बगैंचा आदि । केटाकेटीहरू खूब रमाएका छन् ? शायद श्रीमतीहरू पनि प्रसन्न छन् । तर मलाई भने भित्रभित्रै औंडाहा छुटे जस्तो भएको छ । कुरा मनमा नभए पनि म मनमनै आफैंसँग कुरा गरिरहेको छु र बीच बीचमा यन्त्रवत् मेरो साथीका प्रश्नहरूको पनि उत्तर दिइरहेको छु । मलाई लाग्छ– यो शुक्रबार कति छिटो आएको होला ! शायद हाम्रो काल पनि त यसै गरी नजीक आइरहेको होला नि !

प्रकाशित: वर्ष ३ अङ्क ७
दायित्व साहित्य महोत्सव २०४९ मा द्वितीय

पहिले हामी आफ्नो आदत बनाउँछौं: पछि फेरि आदतले हामीलाई बनाउँछ ।

–ड्रायडन

राष्ट्रियता माटो होइन: जनताको सामूहिक भावना (विचार) हो ।

बी० पी० कोइराला

महाकवि देवकोटा र उनको मुनामदन

नेपाली साहित्यरूपी बागका अनमोल रत्नका रूपमा प्रतिस्थापित भैसक्नु भएका नेपाली साहित्यका महारथी महाकवि लक्ष्मी प्रसाद देवकोटाको कलम साहित्यका गद्य र पद्य दुवै विधामा उत्तिकै सशक्तताका साथ चलेको पाइन्छ। समय र परिवेशको बहावले जस्तो जस्तो मोड लिन्थ्यो, त्यस्तै-त्यस्तै अनुकूलतालाई पक्रेर रचना सिर्जना गर्न सक्ने एउटा विलक्षण प्रतिभा महाकवि देवकोटामा पाइन्छ। त्यस्तै वातावरण र क्षमताले गर्दा नै कहिले उनले आफूलाई युगकै वाणी भएर 'युगवाणी' बनाए भने कहिले यो सिगै पहाडी राज्यको प्रतिनिधित्व गर्दै 'पहाडी पुकार' गर्न पुगे। तर यहाँ प्रसङ्ग 'मुनामदन' सँग सम्बन्धित भएकाले गर्दा महाकविकै शब्दमा वहाँको सर्वभन्दा प्यारो काव्य रत्न जो आज प्रकाशनका हिसाबले 'तीन बीस हिउँद खाएकी आमा' जत्तिकै बूढो भएर पनि लोकप्रियताको हिसाबले अझै पूर्णचन्द्र झैं चम्किरहेको छ, त्यही 'मुनामदन' कै बारेमा केही चर्चा गरौं।

नेपाली लोक छन्द (झ्याउरे)का भाकामा लेखिएको यो गीति काव्य साँच्चै नै नेपाली समाजको वास्तविक प्रतिबिम्बको रूपमा रहेको छ। केही धन कमाउँला, अनि घर फर्केर घरका जहानलाई सुख दिउँला भन्ने इच्छा र अभिलाषा बोकेर बाध्यतावश परदेशिनु पर्ने नेपाली समाजको यो विडम्बना अझै पनि परम्पराकै रूपमा रहि नै आएको छ।

प्रतिकूल परिस्थितिको शिकार मदन झ्यासा त पुग्छ, सम्पत्ति पनि कमाउँछ, तर यसै बेला मात्र उसले मान्छेको स्वार्थी प्रवृत्तिलाई पूर्णतया नग्न रूपमा देख्ने मौका पाउँछ। बाटोभरिका सहयात्री साथीहरूले उसलाई "ईश्वरै सम्झी, ईश्वरै सम्झी रहे है मनमा" भन्ने शब्दले दुहाई दिंदै एक्लै अनकण्टार जङ्गलमा छोडेर गइदिन्छन्।

"संसारमा अँध्यारो मात्र छैन, उज्यालो पनि छ" भन्दै हरेक कुरालाई दुवै पक्षबाट सफलतापूर्वक खेलाउन सक्ने महाकवि देवकोटाले यहाँ आएर एउटा दुई खुट्टे मान्छे होइन, तर मानवताकै एउटा जिउँदो मूर्ति भोटे पात्रको सिर्जना गर्नु भएको छ। भोटे दाई मदनका लागि साक्षात् देवदूत नै साबित हुन्छ। यसरी बडो प्रयोगात्मक र कृयात्मकरूपले प्रतीकहरूको संयोजन गरेर महाकविले ठूलो जातलाई ठूलै विचारको र सानो जातको सानै विचारको हुन्छ भनी ठान्ने परम्परागत अन्धा चलनलाई तीक्ष्ण प्रहार गर्दै, मान्छेको हृदयको विशालतालाई नाप्ने एउटा कसी नेपाली समाजलाई प्रदान गर्दै शंखघोष गर्नु भएको छ– "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन।"

कथानकमा पुष्टि ल्याउन र बिम्ब संयोजन गर्नका लागि कल्पनाको आरोह र अवरोह दुर्वैतिर कुशलतापूर्वक यात्रा गर्न सक्ने महाकवि देवकोटाले मदनको वियोग विरहमा पिल्सिएकी मुनाको मार्मिक चित्रण गर्न पनि साह्रै सरल शब्द प्रयोग गर्दै भन्नुभएकोछ– "निष्ठुरी मन लिएर भन कसरी भुल्यौं नि।" हुन पनि हो, विवश मुनाले परेलीमा नै रात काटेका ती कठोर दिनहरूको संख्या पहिलेको सल्लाह अनुसार "म बिसै दिन बसुँला झ्यासा बाटामा बिसै दिन"को सीमा नाघेपछि यस्तै मार्मिक शब्दमा कुन प्रिय पत्नीका आँशुहरू

नबोल्नान् र ? त्यसैले मुना रुन्छिन् पनि, पछुताउँछिन् पनि । कतै केही गडबड त भएन ? अनेर शङ्का पनि गर्छिन् । अनि आफैं वास्तविकताको धरातलमा उतेर कल्पनामै मदनका पाउ समातेर माफी माग्छिन्–"के भर यसको नलागोस् पाप, पापी छ मेरो मन । प्यारा पापी छ मेरो मन ।" आफ्नो सपनाको राजादेखि दूर रहेकी विरहिणीका मनमा यस्ता तर्कना, शङ्का र उपशङ्काहरू उठ्नु एउटा नारी सुलभ मनोविज्ञान पनि त हो । महाकविको तिखा कलमले यो सानो तर कोमल अनुभूतिको जीवन्त चित्रण गर्न समेत चुकेको छैन ।

अब यसै बीचमा आएर घटनाहरूले अनेक मोड लिन्छन् । साँच्चै नै महाकविले भन्नु भए झैं– "मानिसलाई बाटामा काँढा मानिसै छर्दिन्छ ।" यसरी काँढा भरिदिने प्रसङ्गमा एउटा गुण्डा र नैनी पात्रको सिर्जना हुन्छ । परिस्थितिसँग लाचार हुँदा हुँदै पनि अनरवत रूपले संघर्ष गरिरहन बाध्य भएकी मुनाले दुबैलाई क्रमशः "ईश्वरको हामो पाएका फूल छोएर नमार" र "जूतमा हुन्छ कलङ्क हुन्न सतीको मनभित्र" भन्दै प्रतिरोध गर्छिन् । तर समाजका समस्त काला तत्वहरूको एउटै गठ भैसकेपछि एउटी निरीह अबलाको लाग्दो नै के रहेछ र ? एउटै नक्कली पात्रले उनको हृदयभरिको त्यो प्यारो मदनलाई मारिदिन्छ । उनी एउटा असह्य चोट बोकेर सधैं सधैंका लागि हराइदिन बाध्य हुन्छिन् ।

सेवा र मानवताको गहिराईको मूल्य आँशुले तिरेर, साक्षात ईश्वरको प्रतिमूर्ति त्यो भोटे दाइसँग बिदा भएर धेरै धेरै रमाइला कल्पनाहरूको माला गाँस्दै मदन घर आउँछ । बिचरालाई थाहै के र ? उसकी वृद्धा आमा केवल उसकै मुख हेर्नका लागि मात्र बाँचेकी छन् भनेर । बस, मदनमाथि बज्रपात हुन्छ । पाटी र धाराको परिकल्पना, घरको जग बलियो बनाउने प्रबल अभिलाषा र मुनाको हातमा सुनका बाला हालिदिने मधुरो आशा र सपनाहरू आमाको मृतदेहसँगै जलिदिन्छन् ।

उसले आफ्नी प्राण प्यारी मुनालाई खोज्छ । हो, ऊ आँखाभरि मुनालाई हेरेर मातृ वियोगको पीर भुल्न चाहन्छ । तर अभागी मदनलाई यो सब प्राप्त हुँदैन । बिचरी दिदीले नचाहँदा नचाहँदै पनि मुटुमाथि ढुङ्गा राखेर "हे मेरा भाइ, ती मुना छैनन् यो तिम्रो घरैमा" भनेर भनिदिनैपर्छ ।

मदनले यसलाई सहनै पो कसरी सक्थ्यो र ? "कसरी खायो आगोले दिदी कमलको शरीर ?" भन्दै छाती पिटेर– "खरानी तिनको मलाई देउन छातीमा लगाउँ" भन्दै अनुरोध गर्छ । तर बिचरालाई त्यो पनि प्राप्त हुन सक्तैन । अनि छाती तो पीर थाम्न नसकेर धराशायी बन्छ । बैंच आउँछ । तर "मनको व्यथा रहन्छ कहाँ मलाई बताऊ" भन्ने प्रश्नको जवाफ दिन पनि बैंचले सक्दैन र मदनलाई बचाउन पनि सक्तैन । यसरी मदन सधैंको लागि ऊ भित्रका असंख्य अधुरा सपनाहरू मरे जस्तै धरी मरिदिन्छ । पाठकका आँखाबाट अविरल आँशुहरू बग्न थाल्छन्– मानौं, त्यो कथा आफ्नै हो, त्यो व्यथा आफ्नै हो, त्यो तडप आफ्नै हो, अनि त्यो प्यारी मुना आफ्नै हो र त्यो विवश मदन आफ्नै हो ।

यसरी सम्पत्ति आर्जनको धरातलबाट उठेको यो मार्मिक कथा, सम्पत्तिको उपभोग गर्न सम्म पनि नपाई टुङ्गिन्छ । हो, ऐले हाम्रो अगाडि सम्पत्ति हुन सक्छ तर ती प्यारी मुना, त्यो विवश मदन र ती श्रद्धेय आमा छैनन् । यस दर्दनाक र वियोगान्त कथाको माध्यमबाट मानौं महाकवि देवकोटाले हामीलाई आफ्नो सन्देश छोड्नु भएको छ कि सम्पत्ति नै सबै थोक कहिल्यै हुन सक्दैन । बरु त्यसको सट्टा मान्छेमा प्रेम, सद्भावना, स्नेह र कोमलता जस्ता मानवीय गुणहरू हुनुपर्छ । अनि मात्रै मान्छे वास्तविक रूपमा सुखी हुन सक्छ । भौतिकताको आडमा पाउने सुख वास्तविक सुख हुन सक्तैन । यही कुरालाई व्यक्त गर्न महाकवि देवकोटाले आफ्नै पात्री मुनाको भावनागत अभिव्यक्तिलाई अगाडि सार्दै भन्नु भएको छः–

"हातका मैला सुनका थैला के गर्नु धनले । साग र सिस्नु खाएको वेश आनन्दी मनले ।"

प्रकाशितः वर्ष ३ अङ्क ७

दायित्व साहित्य महोत्सव २०४९ मा तृतीय